मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक २१९ • २०८३ साल असार १३ गते शनिबार • Saturday 27, June 2026 • सूर्योदयः बिहान ०५:१३ बजे • सूर्यास्तः साँझ ०७:०३ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## ठूलो परिमाणमा लागुऔषध गाँजा बरामद

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको ठोरी गाउँपालिका वडा नम्बर ४ मा सशस्त्र प्रहरीले कर्डन एण्ड सर्च अप्रेशन सञ्चालन गरेर ठूलो परिमाणमा लागू पदार्थ गाँजा बरामद गरेको छ।
सशस्त्र प्रहरीको कर्डन एण्ड सर्च अप्रेशन अन्तर्गत बिहीबार सीमा सुरक्षा गुल्म हेड क्वाटर भीखमपुर र सुवर्णपुरबाट खटिएको सशस्त्र प्रहरीको टोलीले ठोरी–४ मिलनचोकस्थित गम्भीर श्रेष्ठको घरमा छापा मारेको थियो।
सो क्रममा श्रेष्ठको घरभित्र लुकाएर राखिएको अवस्थामा ११ वटा बोरामा रहेको १५८ केजी गाँजा बरामद भएको सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौलाले जानकारी दिए।
गाँजा बरामद भएको घरका धनी फरार रहेको र उनकी पत्नि अस्मिता तामाङ श्रेष्ठलाई खोजेको समयमा प्रहरीको कार्यालयमा उपस्थित हुने शर्तमा ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठको जिम्मा जमानी छोडिएको निरौलाले जानकारी दिए।
बरामद गाँजा नेपाल प्रहरीको कार्यालयमा बुझाइएको छ।

### मधेश प्रहरीको ‘चेन अफ कमाण्ड’ संकटमा ?

# तस्करी, घुमुवा संयन्त्र र विभागीय अनुशासनमाथि गम्भीर प्रश्न !




**मधेशदृष्टि**
**वीरगंज।**
सुरक्षा संगठनको आधारस्तम्भ मानिने ‘चेन अफ कमाण्ड’ कमजोर बन्दै गएको आरोपसँगै मधेश प्रदेश प्रहरी पछिल्लो समय एकपछि अर्को विवादमा तानिएको छ।
सीमावर्ती क्षेत्रमा बढ्दो तस्करी, सादा पोशाकमा परिचालित ‘घुमुवा’ प्रहरीमाथि लागिरहेका आरोप, आर्थिक लेनदेनका चर्चा तथा नेतृत्व तहबीच देखिएको समन्वय अभावले प्रहरी संगठनको अनुशासन र विश्वसनीयतामाथि गम्भीर प्रश्न उठाएको छ । केही साताअघि तत्कालीन मधेश प्रदेश प्रहरी प्रमुख (डीआईजी) गोविन्द थपलिया तथा उनी निकट मानिएका वरिष्ठ सई गोपाल थापा मगर र सई जयलाल यादवको नाम जोडेर सामाजिक सञ्जाल र सञ्चारमाध्यममा विभिन्न आरोप सार्वजनिक भएका थिए। त्यसको केही समयपछि जिल्ला प्रहरी कार्यालय धनुषाका तत्कालीन वरिष्ठ सई सागर राणा र व्यापारी राजीव महासेठबीचको अडियो संवाद बाहिरिएपछि सीमावर्ती क्षेत्रमा ‘सेटिङ’का आधारमा तस्करी सञ्चालन हुने गरेको विषय थप चर्चामा आयो।
सार्वजनिक अडियोमा केही घुमुवा प्रहरी र उच्च प्रहरी अधिकारीको मिलेमतोमा तस्करी सञ्चालन हुने तथा मासिकरूपमा ठूलो रकम माथिल्लो तहसम्म पुग्ने दाबी गरिएको सुनिन्छ । प्रहरी स्रोतका अनुसार प्रहरी संगठनको उच्च नेतृत्व तहबाट समेत मधेश प्रदेशमा घुमुवा परिचालन गरी अवैध असुली गराइएको आरोप संगठनभित्रै उठ्ने गरेको छ।
स्रोतले आईजीका विश्वासपात्र मानिएका महेन्द्र महतोले मधेशका आठवटै जिल्लामा पुगेर विभिन्न कारोबारीसँग नियमित रूपमा रकम उठाउने गरेको आरोप लागेपनि हालसम्म उनीमाथि कुनै विभागीय वा कानुनी कारबाही नभएको दाबी गरेको छ।
स्रोतकै भनाइअनुसार प्रभावशाली पहुँचका कारण निकटका कर्मचारीलाई संरक्षण गर्ने प्रवृत्ति संगठनभित्र मौलाएको आरोपसमेत छ।

- **छानबिनभन्दा पहिले निलम्बनको सिफारिस**

अडियो सार्वजनिक भएपछि मधेश प्रदेश प्रहरी कार्यालयले तत्काल स्वतन्त्र छानबिन समिति गठन गर्नुको सट्टा वरिष्ठ सई सागर राणालाई निलम्बनका लागि प्रहरी प्रधान कार्यालयमा सिफारिस गरेको थियो।
त्यसपछि प्रहरी प्रधान कार्यालयले राणा, गोपाल थापा मगर र जयलाल यादवलाई मुख्यालय तानेर एआईजी उमाप्रसाद चतुर्वेदीको संयोजकत्वमा पाँच सदस्यीय उच्चस्तरीय छानबिन समिति गठन गरेको थियो । तर, लामो समय बितिसक्दा पनि समितिको प्रतिवेदन सार्वजनिक नभएकाले अनुसन्धानको पारदर्शिता, निष्पक्षता र संगठनको जवाफदेहितामाथि प्रश्न उठ्न थालेको छ।

- **नेतृत्व तहबीच पनि देखियो असमझदारी**

प्रहरी स्रोतका अनुसार तत्कालीन डीआईजी गोविन्द थपलियाले धनुषा प्रहरी मातहतका युनिट इन्चार्जलाई पटक–पटक सिधै निर्देशन र दबाब दिन थालेपछि जिल्ला प्रहरी कार्यालय धनुषाका तत्कालीन प्रमुख एसपी रुगमबहादुर कुँवरसँग सम्बन्ध चिसिएको थियो। घुमुवा प्रहरीले चाहेअनुसार काम नगरेको भन्दै एसपी कुँवरसँग स्पष्टीकरण मागिएको र त्यसैबीच उनी लामो बिदामा बसेको विषयले समेत व्यापक चर्चा पाएको थियो । हाल उनी सरुवा भइसकेका छन् । यस्तै, जेठको पहिलो सातातिर सीमावर्ती क्षेत्रमा तस्करी नियन्त्रण प्रभावकारी नभएको र चेन अफ कमाण्ड कमजोर भएको निष्कर्षसहित रौतहटका एसपी सीताराम रिजाल तथा बाराका एसपी नरेन्द्र कुँवरसँग पनि स्पष्टीकरण सोधिएको थियो । पछि दुवैलाई सचेत गराइएको मधेश प्रदेश प्रहरी कार्यालय स्रोतले जनाएको छ।

- **अनुशासनहीनताका घटना बढ्दो**

मधेश प्रदेश प्रहरी कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/८२ मा चेन अफ कमाण्ड उल्लंघन गरेको आरोपमा तीन प्रहरी निरीक्षकसहित ३ सय २२ जना प्रहरी कर्मचारी विभागीय कारबाहीमा परेका थिए। त्यस्तै, चालु आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म पाँच प्रहरी अधिकृतसहित २ सय ६८ जना प्रहरी कर्मचारीमाथि विभागीय कारबाही भइसकेको छ । यी तथ्यांकले संगठनभित्र अनुशासनसम्बन्धी चुनौती अझ गम्भीर बन्दै गएको संकेत गरेको विश्लेषण गरिएको छ।

- **पूर्व डीआईजीको चेतावनी**

नेपाल प्रहरीका पूर्व डीआईजी केशव अधिकारीका अनुसार घुमुवा प्रहरीको मूल उद्देश्य सूचना संकलन, अपराध अनुसन्धान र तस्करी नियन्त्रण हो । तर, यही संयन्त्र विवादमा पर्दा प्रहरी संगठनको समग्र छविमा प्रत्यक्ष असर पर्ने उनले बताए।
उनका अनुसार सीमावर्ती जिल्लामा तस्करी र ‘सेटिङ’का चर्चा बढ्दै जाँदा त्यसको नकारात्मक प्रभाव इमानदारीपूर्वक काम गरिरहेका प्रहरी कर्मचारीमाथि समेत परेको छ।

- **विश्वास पुनःस्थापनाको परीक्षा**

मधेश प्रदेश प्रहरी अहिले सार्वजनिक आरोप, आन्तरिक अनुशासन र घट्दो जनविश्वासको त्रिकोणीय दबाबमा देखिएको छ । उठेका आरोपमाथि निष्पक्ष र पारदर्शी छानबिन, दोषीमाथि कानुनअनुसार कारबाही तथा संगठनभित्र चेन अफ कमाण्डलाई प्रभावकारी बनाउन सके मात्र प्रहरीप्रतिको विश्वास पुनःस्थापित हुन सक्ने सरोकारवालाको धारणा छ। यद्यपि, गठन गरिएको छानबिन समितिको अन्तिम प्रतिवेदन सार्वजनिक नभएसम्म मधेश प्रदेश प्रहरीभित्रको चेन अफ कमाण्ड वास्तवमै कति बलियो वा कमजोर छ भन्ने प्रश्न भने अझै अनुत्तरित नै रहेको छ।

# रास्वपामा चुनिए पदाधिकारी सभापतिको शपथ



**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम महाधिवेशनबाट निर्वाचित सभापति रवि लामिछानेले शुक्रबार शपथ लिएसँगै महाधिवेशन समापन आमुख भएको छ । निर्वाचन आयोगका अध्यक्ष भुवन केसी र अनुशासन आयोगका अध्यक्ष रमाकान्त नेपालसमेतको साथमा सभापति लामिछानेलाई शपथ खुवाइएको हो।

- **पदाधिकारीहरु निर्वाचित**

राष्ट्रिय स्वतन्त्र पार्टीको पदाधिकारी निर्वाचनको मत परिणाम प्राप्त भएको छ । पार्टीको महिला उपसभापतिमा सोविता गौतम विजयी भएकी छन् । प्रतिस्पर्धी डा. तोसिमा कार्कीले ५ सय ७२ मत ल्याउँदा विजयी सोविताले ७ सय ८९ मत ल्याइन्।
यस्तै, महामन्त्रीमा विपिनकुमार आचार्य ६ सय ७३ मत ल्याएर विजयी भए भने मनिष झा ३ सय ४६ मतमा अडिए । अर्का प्रतिस्पर्धी गणेश कार्कीले १ सय ६९ मत ल्याए। सागर ढकाल १ सय ३९ मतमा रोकिए । महामन्त्रीमा उम्मेदवारी फिर्ता लिने घोषणा गरेकी रञ्जु दर्शनालाई ३४ भोट आयो।
सहमहामन्त्रीमा सबैभन्दा बढी भोट निशा डाँगीले ल्याइन् । पुरुषतर्फ असिम शाह सहमहामन्त्रीमा पहिलो भए । सबैभन्दा कम भोट कमेडियन हिमेश पन्तलाई आयो।

**पदाधिकारीमा कम भोट**

राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय सदस्यलाई खसेको भन्दा १ हजार ६ सय ९८ कम मत केन्द्रीय पदाधिकारीलाई खसेको छ । महाधिवेशन लम्बिएका कारण प्रतिनिधि घर फर्किएकाले धेरै नेताको हारजित घर फर्किएका मतदाताका कारण भएको भनेर महाधिवेशनस्थलमा चर्चा भएको छ।
उपसभापति महिला, महामन्त्री, एक महिलासहित ३ सहमहामन्त्री पदका लागि भएको मतदानमा प्रवाससहित १ हजार ३ सय ६१ मत खसेको थियो।
९९ जना केन्द्रीय सदस्यको निर्वाचनमा ३ हजार ९ सय ५९ जना प्रतिनिधिमध्ये २ हजार ९ सय ५९ मत खसेको थियो। यो भन्दा १ हजार ६ सय ९८ कम मत पदाधिकारीमा खसेको हो।

**बाराका दुई सांसद केन्द्रीय सदस्य**

बाराबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित चार सांसदमध्ये दुई जना राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय सदस्यमा निर्वाचित भएका छन भने दुई सांसद पराजित भएका छन् । चितवनमा जारी प्रथम राष्ट्रिय महाधिवेशनबाट बारा क्षेत्र नं. ४ का सांसद रहबर अन्सारी र बारा क्षेत्र नं. ३ का सांसद अरविन्द साह केन्द्रीय सदस्यमा निर्वाचित भएका हुन्। अन्सारी मुस्लिम समूह र साह मधेशी समूहबाट बिजयी भएका हुन् । अन्सारीले प्रवासको २२ सहित एक हजार ४७ मत प्राप्त गरे। यसैगरी साहले ९ सय ७० मत पाएर विजयी भए।
साहले प्रवासबाट ६ मत मात्रै पाएका छन्। दुई सांसद केन्द्रीय सदस्यमा निर्वाचित हुँदै गर्दा अर्का दुई सांसद भने पराजित भएका छन्।
बारा क्षेत्र नं. २ का सांसद चन्दन सिंह र बारा क्षेत्र नं. १ का सांसद गणेश धिमाल भने पराजित भए। उनीहरुले भूगोलतर्फ केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका थिए।




# २० वर्षसम्म विवाह नगर्ने छोरीलाई प्रोत्साहन रकम, अभिभावक सम्मानित

**जनकपुरधाम।**
धनुषाको धनौजी गाउँपालिकाले २० वर्ष उमेर पूरा भई अविवाहित रहेका छोरीको उच्चशिक्षालाई प्रोत्साहन गर्न अभिभावकलाई सम्मान र छोरीलाई शैक्षिक प्रोत्साहन रकम उपलब्ध गराउने भएको छ।
गाउँपालिकाले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम र बजेटमा यो योजना समावेश गर्दै यसबाट छोरीहरूको उच्च शिक्षामा पहुँच बढ्ने र बालविवाह न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । धनौजी गाउँपालिकाको १५औँ गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रममा गाउँपालिकावासीले शिक्षा, स्वास्थ्य, प्रशासनिक सेवा तथा व्यापार–व्यवसायका लागि जिल्ला सदरमुकाम जनकपुरधाम आउजाउ गर्नुपर्ने अवस्थालाई ध्यानमा राख्दै धनौजीदेखि जनकपुरधामसम्म न्यून शुल्कमा बस सेवा सञ्चालन गर्ने भएको छ।
स्थानीयवासीलाई सुलभ यातायात सुविधा उपलब्ध गराउने उद्देश्यले धनौजीदेखि जनकपुरधामसम्म न्यून शुल्कमा बस सेवा सञ्चालन गर्दा स्थानीय नागरिकको दैनिक आवागमनलाई सहज बनाउने लक्ष्य लिएको हो। गाउँपालिका अध्यक्ष राजकुमार साहले गाउँसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै न्यून शुल्कमा नियमित बस सेवा सञ्चालन गरी स्थानीय नागरिकको यातायात खर्च कम गर्ने र सहज पहुँच सुनिश्चित गर्ने लक्ष्य रहेको बताए । धनौजी गाउँपालिका धनुषाको दक्षिणी क्षेत्रमा अवस्थित स्थानीय तह हो । यहाँका बासिन्दा विभिन्न कामका लागि दैनिक रूपमा जनकपुरधाम आउजाउ गर्दै आएका छन्। निजी सवारीसाधनको अभाव तथा सार्वजनिक यातायातको अनियमितताका कारण स्थानीय नागरिकले सास्ती भोग्दै आएकाले गाउँपालिकाले आफ्नै पहलमा बस सेवा सञ्चालन गर्ने योजना अघि सारिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजकुमार दासले बताए।
यस्तै, गाउँपालिकाले स्वास्थ्य, पोषण, शिक्षा, कृषि तथा सामाजिक सुरक्षाका कार्यक्रमलाई आगामी वर्षको प्रमुख प्राथमिकतामा राखेको छ। नीति तथा कार्यक्रममा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै आगामी पाँच वर्षभित्र धनौजी गाउँपालिकालाई पूर्ण पोषणयुक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य लिइएको छ।
कुपोषण न्यूनीकरण, मातृ तथा शिशु स्वास्थ्य सुधार र पोषणसम्बन्धी जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने जनाइएको छ । गाउँपालिकाले ज्येष्ठ नागरिकलाई घरमै पुगेर नियमित आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइने भएको छ । स्वास्थ्यकर्मीमार्फत नियमित स्वास्थ्य परीक्षण, परामर्श तथा आवश्यक उपचार सेवा प्रदान गर्ने नीति लिइएको गाउँपालिकाले जनाएको छ।
स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न ज्येष्ठ नागरिक तथा सुत्केरी महिलाका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्ने र घरबाट जिल्ला अस्पतालसम्म उपचारका लागि लैजान निःशुल्क एम्बुलेन्स सुविधा उपलब्ध गराइने तथा उहाँहरूको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था समेत मिलाइने प्रमुख प्रशासकीय अधिकृत दासले बताए।
कृषि क्षेत्रलाई आत्मनिर्भर र व्यावसायिक बनाउने उद्देश्यले ‘एक गाउँ अनेक उद्यान’ कार्यक्रम सञ्चालन गरिने भएको छ। यस कार्यक्रममार्फत गाउँका विभिन्न क्षेत्रमा फलफूल तथा अन्य कृषि बालीका उद्यान विकास गरिनेछ । कृषि उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा किसानको आयआर्जन बढाउने लक्ष्यसहित किसानलाई विभिन्न प्रकारका अनुदान कार्यक्रम पनि सञ्चालन गरिने गाउँपालिकाले जनाएको छ।
गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दासका अनुसार कृषि उत्पादन वृद्धि, स्वास्थ्य सेवा विस्तार, पोषण सुधार, सामाजिक सुरक्षा तथा पूर्वाधार विकासलाई आगामी वर्षको बजेट तथा कार्यक्रमको केन्द्रमा राखिएको छ। स्थानीय आवश्यकता र नागरिकका अपेक्षालाई सम्बोधन गर्ने गरी नीति तथा कार्यक्रम तर्जुमा गरिएको उनले बताए।
धनौजी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ६० करोड ६५ लाख ५७ हजार रुपैयाँको बजेट प्रस्ताव गरेको समाचार सरकारी सञ्चारमाध्यम राससले प्रसार गरेको छ । गाउँसभामा प्रस्तुत बजेटअनुसार चालुतर्फ ३५ करोड १० लाख ५७ हजार रुपैयाँ तथा पुँजीगततर्फ २५ करोड ५५ लाख रुपैयाँ विनियोजन गरिएको राससको समाचारमा उल्लेख छ।
गाउँपालिका अध्यक्ष साहले प्रस्तुत गरेको बजेटमा शिक्षा, स्वास्थ्य, कृषि, सामाजिक सुरक्षा, सडक तथा पूर्वाधार विकास, खानेपानी, सरसफाइ र संस्थागत सुदृढीकरणका कार्यक्रमलाई प्राथमिकता दिइएको छ । बजेट तथा कार्यक्रम कार्यान्वयनबाट स्थानीय नागरिकको जीवनस्तर सुधार हुनुका साथै गाउँपालिकाको समग्र सामाजिक तथा आर्थिक विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

# बाउछोरीको यस्तो कुकर्म ?

झापा।
नवजात शिशुको हत्या तथा आफ्नै छोरीमाथि हाडनाता करणी गरेको आरोप लागेका फरार पुरुष पक्राउ परेका छन्।
जिल्ला प्रहरी कार्यालय झापाको टोलीले विशेष सूचना र प्राविधिक अनुसन्धानका आधारमा ती अभियुक्तलाई इलामको सूर्योदय नगरपालिका—१० फिक्कल बजारस्थित एक होटलबाट नियन्त्रणमा लिएको हो। सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक रञ्जन अवाका अनुसार वैशाख २ गते शिवसताक्षी नगरपालिकास्थित झिलझिले क्षेत्रमा खाली जग्गामा नवजात शिशुको शव गाडिएको अवस्थामा फेला परेपछि घटनाको अनुसन्धान सुरु गरिएको थियो।
अनुसन्धानमा पीडित युवतीले आफ्नै बाबुबाट पटक–पटक जबर्जस्ती करणी भएको, त्यसबाट गर्भ रहन गई शिशुको जन्म भएको र बाबुकै सल्लाहमा नवजात शिशुको शव गाडिएको बयान दिएपछि प्रहरीले नवजात शिशु हत्या तथा हाडनाता करणीसम्बन्धी मुद्दा दर्ता गरी आरोपितको खोजी थालेको थियो।
प्रहरीका अनुसार आरोपित व्यक्ति रोल्पामा कामका लागि जाने भन्दै घरबाट निस्किएका थिए। आफूलाई खोजी भइरहेको थाहा पाएपछि उनी विभिन्न स्थानमा लुक्दै बसिरहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। प्रहरीले असार ३ गते नै आरोपितलाई आफ्नै छोरीसँग होटलमा बसिरहेको अवस्थामा नियन्त्रणमा लिएको जनाएको छ। उनलाई झापा ल्याएर थप अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको छ।
पीडित युवतीलाई काकडभिट्टास्थित 'आफन्त नेपाल' को संरक्षणमा राखिएको छ।

# विनियोजन विधेयक माथिको छलफल असार १७ देखि

जनकपुरधाम।
मधेश प्रदेशसभामा प्रदेश विनियोजन विधेयकअन्तर्गत आगामी आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन भएको विषयगत मन्त्रालयका शीर्षकमाथि यही असार १७ गतेदेखि छलफल हुने भएको छ।
विनियोजन विधेयकमाथिको छलफलका लागि यही असार १७ गतेका लागि प्रदेशसभा अधिवेशन आह्वान गर्ने तयारी भएको सभामुख रामअशिष यादवले जानकारी दिए।
मधेश प्रदेश सरकारले आगामी आव २०८३/८४ का लागि रु ४१ अर्ब १३ करोड ८६ लाख बजेट विनियोजन गरेको छ। प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले प्रदेशसभाको बैठकमा आगामी आव २०८३/८४ मा कृषि नवप्रर्तन, उद्यमशीलता प्रवद्र्धन, शिक्षा, स्वास्थ्यलाई प्राथमिकतामा राख्दै रु ४१ अर्ब १३ करोड ८६ लाखको बजेट प्रस्तुत गरेका थिए। रासस

# रौतहटका १८ स्थानीय तहमध्ये १५ वटा पालिकाले ल्याए बजेट




रौतहट।
रौतहट जिल्लाका १८ स्थानीय तहमध्ये १५ वटाले आगामी आर्थिक वर्ष २०८३/८४ नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेका छन्। समयमै नगरसभा गरी नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नेमा गौर, चन्द्रपुर, परोहा, मौलापुर, बौधीमाई, गुजरा, इशनाथ, देवाहीगुनाही, माधवनारायण, गढीमाई, राजपुर, बृन्दावन, राजदेवी नगरपालिका छन्। दुर्गाभगवती तथा यमुनामाई गाउँपालिकाले पनि गाउँसभा गरिसकेका छन् भने कटहरिया, गरुडा र फतुवा विजयपुर नगरपालिकाले भने नगरसभा गरेका छैनन्।
जिल्लाकै सबैभन्दा ठूलो चन्द्रपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि रु एक अर्ब २१ करोड ८० लाखको बजेट विनियोजन गरेको छ। नगरप्रमुख सञ्जयकुमार काफ्ले र उपप्रमुख जयमाला चौधरीले पालिकाको १७औँ नगरसभाले आव २०८३/८४ का लागि रु एक अर्ब २१ करोड ८० लाखको बजेट विनियोजन गरेको बताए।
त्यसैगरी, गौर नगरपालिकाको १८औँ नगरसभा आगामी आवका लागि ५३ करोड ८८ लाखभन्दा बढीको बजेट प्रस्तुत गरिएको छ। नगरको समग्र विकास, सुशासन र समृद्धिलाई मुख्य प्राथमिकतामा राख्दै नगरप्रमुख शम्भु साहले बजेट तथा कार्यक्रम प्रस्तुत गरेका हुन्।
यस्तै, मौलापुर नगरपालिकाले पनि आफ्नो नगरसभामार्फत आगामी आव २०८३/८४ को लागि करिब रु ४२ करोडको बजेट प्रस्तुत गरेको नगरप्रमुख रिनाकुमारी साहले जानकारी दिए। बजेटले विगतदेखि नै सञ्चालनमा रहेको 'नगर मास्टर' र 'नगर डाक्टर' कार्यक्रमलाई निरन्तरता दिइएको छ भने बिजुली र खानेपानी निःशुल्क तथा 'छोरीसँग मेयर कार्यक्रम'लाई प्रभावकारी रूपमा अघि बढाउने उद्घोष गरेको छ।
गढीमाई नगरपालिका प्रमुख श्याम यादवले आव २०८३/८४ का लागि रु ५९ करोड २२ लाख ५५ हजारको बजेट विनियोजन गरिएकामा चालु खर्चतर्फ रु ४० करोड ९० लाख ४७ हजार र पुँजीगत खर्चतर्फ रु १८ करोड ३२ लाख आठ हजार रहेको बताए।
त्यसैगरी, बौधीमाई नगरपालिकाको १२औँ नगरसभा नगरप्रमुख प्रदीप राय यादवको अध्यक्षतामा सम्पन्न नगरसभामा उपप्रमुख प्रमिला देवीले आव २०८३/८४ का लागि रु ६३ करोड ९६ लाख चार हजारबराबरको वार्षिक बजेट प्रस्तुत गर्नुभएको थियो।
वृन्दावन नगरपालिकाको ११औँ नगरसभामा आगामी आव २०८३/८४ का लागि रु ६० करोड ९२ लाख २५ हजार ८८१ को बजेट प्रस्तुत गरिएको नगरप्रमुख विनोदप्रसाद कुर्मीले जानकारी दिए। राजपुर नगरपालिकाको १०औँ नगरसभा आगामी आव २०८३/८४ का लागि रु ५० करोड २१ लाख ९३ हजारको आयव्ययको विवरण प्रस्तुत गरियो।
माधव नारायण नगरपालिकाको ११औँ नगरसभामा आव २०८३/८४ का लागि रु ५० करोड २९ लाख २० हजारको आयव्ययको बार्षिक अनुमान विवरण प्रस्तुत गरिएको छ। रासस

# न्यायपालिका र सञ्चार माध्यम एक अर्काका परिपूरक हुन्ः प्रधान न्यायाधीश



काठमाडौँ।
प्रधान न्यायाधीश डा मनोजकुमार शर्माले न्यायपालिका र सञ्चार दुवै एक अर्काको परिपूरक भएको बताएका छन्। सर्वोच्च अदालत मुद्दा तथा रिट महाशाखाले शुक्रबार आयोजना गरेको 'अदालत र सञ्चारकर्मीसँगको अन्तरक्रिया' मा प्रधान न्यायाधीश डा शर्माले न्यायालय र सञ्चारकर्मी एकअर्काका परिपूरक भएको र दुवैको उद्देश्य नागरिकको हक र लोकतन्त्रको सुनिश्चित गर्नु भएको बताए।
'अदातल र सञ्चार दुवै नागरिकको हित र न्यायका लागि काम हो', उनले भने, 'तथ्यपरक, शुद्धता र पेशागत मर्यादामा दुवैले उत्तिकै ध्यान दिनुपर्छ।' उनले सञ्चारमाध्यम न्यायालय र जनताको सेतु भएको बताए। न्यायाधीश महेश शर्मा पौडेलले 'न्यायपालिका र सञ्चारमाध्यम' विषयक कार्यपत्र प्रस्तुत गर्दै न्यायपालिका र सञ्चारमाध्यम दुवै निकाय जनताको आस्था र विश्वासमा अडिएको बताए। उनले छिटो न्याय दिने अदालतको लयलाई जेनजी आन्दोलनले असर गरेको सुनाए।
न्यायाधीश श्रीकान्त पौडेलले न्यायालयमा सुधार, जन आस्था वृद्धि र फैसला कार्यान्वयनलाई प्राथमिकताका साथ अघि बढाइएको बताए। उनले सञ्चारमाध्यम
न्यायपालिकाको आवाज भएको अनुभव सुनाए। सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार विमल पौडेलले न्यायालय र सञ्चारमाध्यम एकअर्काका परिपूरक भएको र दुवै निकाय जनताको आस्थामा अडिएको बताए। उनले भ्रमपूर्ण सूचना एवं मिथ्या समाचार सामाजिक सञ्जालले फैलाइरहेको हुँदा चूनौती बढ्दै गएको सुनाए।
सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले अदालतका आदेश÷फैसला सञ्चारमाध्यमलाई सहजरूपमा उपलब्ध गराउन सहजीकरण गर्ने प्रत्यन्त गरिरहेको र सामाजिक सञ्जाल तथा एआईका कारण गलत सूचना फैलिरहेको बताए।
संवैधानिक तथा न्यायिक पत्रकार मञ्चका अध्यक्ष कालिका खड्काले न्यायलयका सूचना, आदेश÷फैसला समयमै प्राप्त गर्न सकेमा गलत समाचार प्रवाह कम गर्न सकिने बताए।
कार्यक्रममा मञ्चका उपाध्यक्ष भाषा शर्माले 'प्रेस स्वतन्त्रता र न्यायिक समाचारको विश्वासनीयता' विषयक कार्यपत्र प्रस्तुत गर्दै अदालतको सूचना छिटो प्राप्त हुन सकेका गलत समाचार प्रवाहमा न्यूनीकरण हुने धारणा राखेका थिए। छलफलमा सहभागी पत्रकारहरूले आदेश÷फैसला सरल भाषामा आमनागरिकले बुझ्ने भाषामा हुनुपर्ने, अदालतले स्वच्छ आलोचनालाई सामान्य रूपमा लिनुपर्ने, स्वतन्त्र प्रेसको सम्मान गर्नुपर्ने, न्यायपालिका सम्वाहक पत्रकार हुन भन्ने कुरा बुझ्नुपर्ने लगायतका सुझाव दिएका थिए। रासस

# सूर्यविनायकमा बालमैत्री स्थानीय शासनयुक्त घोषणा अभियान सुरु



भक्तपुर।
सूर्यविनायक नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा अभियान सुरु भएको छ। आज सूर्यविनायक नगरपालिकाका प्रमुख वासुदेव थापाले सूर्यविनायक–७ गुण्डुलाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरी प्रमाणपत्र प्रदान गर्दै पूरै नगरलाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा गर्ने अभियान शुक्रबारदेखि सुरु भएको जानकारी दिए। सरकारले तयार पारेको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले तय गरेको ५१ सूचक पूरा गरेसँगै नगरपालिकाले यहाँका प्रत्येक वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा अभियान आजदेखि सुरु गरेको नगरप्रमुख थापाले बताए।
यही साताभित्र नगरपालिकाको १० वटै वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा अभियान पूरा गर्ने जनाउँदै उनले नगरपालिकाले प्रत्येक वडामा बालसञ्जाल गठन गरी ५१ वटा सूचक पूरा गरेको उल्लेख गरे। नगरप्रमुख थापाले सूर्यविनायकका सबै वडा घोषणा सम्पन्न गरी बागमती प्रदेशको अनुगमन एवं निरीक्षण सम्पन्न गरेपछि आगामी भदौभित्र नगरपालिकालाई पनि बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने बताए।
नगरपालिकाका सामाजिक विकास समितिका संयोजक एवं वडा नं ७ का वडाध्यक्ष रवीन्द्र सापकोटाले शुक्रबार वडा नं ७ गुण्डुलाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा गरिएको बताउँदै बालबालिकाद्वारा विभिन्न प्रस्तुतिसमेत प्रस्तुत गरेका उल्लेख गरे। उक्त शासन अभियान घोषणा गर्नका लागि आवश्यक सूचकहरूमध्ये बालविवाह, बालश्रम, हिंसा पूर्ण रूपमा निषेधित हुनुपर्ने, सबै बालबालिकाको जन्मदर्ता, विद्यालय भर्ना र गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित हुनुपर्ने प्रावधान सबै वडाले पूरा गर्नुपर्ने उनले जानकारी दिए।
'बाल बचाउ' शीर्षकमा पूरा गर्नुपर्ने १४ वटा सूचकमा गर्भवतीले सातपटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने, धनुष्टङ्कार (टिटानस)विरुद्धको खोप र आइरन चक्की खाएको हुनुपर्ने, दक्ष स्वास्थ्यकर्मीबाट सुरक्षित सुत्केरी गराएको हुनुपर्ने, बालबालिकालाई पूर्णखोप लगाएको हुनुपर्नेलगायत रहेका उनले जानकारी दिए। 'बाल संरक्षण'का १० वटा सूचकमध्ये बालविवाह पूर्ण रूपमा निषेध हुनुपर्ने, बालश्रममुक्त वडा हुनुपर्ने, बालबालिकाविरुद्ध हुने शारीरिक, मानसिक वा यौनजन्य हिंसा र दुव्र्यवहार पूर्ण रूपमा रोकिएको हुनुपर्ने, सडक बालबालिका वा बेवारिसे अवस्थामा रहेका बालबालिकाको संरक्षण र पुनःस्थापना भएको हुनुपर्नेलगायत प्रावधान तोकिएको नगरका प्रवक्तासमेत रहेका सापकोटाले बताए।
बाल विकासकाबारेमा छ वटा सूचक जन्मिएका सबै बालबालिकाको जन्मदर्ता हुनुपर्ने, विद्यालय जाने उमेरका सबै बालबालिको विद्यालय भर्ना हुनुपर्ने, विद्यालय र समुदायमा बालमैत्री तथा लैङ्गिकमैत्री (छात्राका लागि छुट्टै) शौचालय र स्वच्छ खानेपानीको व्यवस्था हुनुपर्ने, टोल, विद्यालय र वडास्तरमा बाल क्लब तथा बाल सञ्जाल गठन भई सक्रिय हुनुपर्ने, स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता हुनुपर्ने व्यवस्थासमेत सबै वडाले पूरा गरेको उनले बताए।
बालबालिकाका क्षेत्रमा लक्षित बजेट व्यबस्था हुनुपर्ने, सबै कार्यालय बालमैत्री र अपाङ्गतामैत्री हुनुपर्ने, विपद् व्यवस्थापन योजनामा बालबालिकाको सुरक्षा र आवश्यकतालाई प्राथमिकता दिइएको छ। कार्यक्रममा जिल्ला समन्वय समितिका कार्यवाहक सभापति सुजाता बाडे, वडा नं २ का वडाध्यक्ष प्रदीप कार्कीले नगरपालिकाले सरकारको अभियानलाई पूरा गरेको बताए। कार्यक्रममा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा अभियानमा सहयोग पुर्याउने वडा बाल सञ्जाल नगर बाल सञ्जाल, विद्यालय, स्वास्थ संस्था स्वयंसेविका, खानेपानी समिति, रेडक्रस, सहकारी संस्था, सांस्कृतिक समूहहरूलाई कार्यक्रममा कदरपत्र प्रदान गरिएको थियो।
सूचकमध्ये अधिकांशमा ९५ देखि १०० प्रतिशतसम्मको प्रगति हासिल गरेकाले सूर्यविनायकका १० वटा वडालाई औपचारिक रूपमा 'बालमैत्री स्थानीय शासनयुक्त वडा' घोषणा गरेको हो। सूर्यविनायक नगरपालिकाले विगत वर्षदेखि हालसम्म प्रत्येक वडालाई रु १० लाखका दरले रु एक करोड र नगरपालिका रु ७० लाख गरी कुल एक करोड ७० लाख बजेटको व्यवस्था गरी घोषणा अभियान सुरु गरेको हो। रासस

# सवारी दुर्घटना न्यूनीकरण गर्न १६ लाख बढीलाई ट्राफिक सचेतना



कास्की।
गण्डकी प्रदेशमा सवारी दुर्घटना र त्यसबाट हुने मानवीय क्षति कम गर्नका लागि ट्राफिक प्रहरीले सचेतना कार्यक्रम सञ्चालन गरेको छ। नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पोखराले प्रदेशका ११ वटै जिल्लामा दुर्घटना न्यूनीकरण र मानवीय क्षति कम गर्न विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको हो।
विद्यार्थी स्वयंसेवक कार्यक्रम, चालक अनुशिक्षण, सार्वजनिक सवारीसाधनको यान्त्रिक परीक्षण तथा सडक प्रयोगकर्तामाझ 'स्टप, लुक एन्ड क्रस' अभियान तथा एक विद्यालय एक ट्राफिक शिक्षक कार्यक्रम सञ्चालन गरिएको ट्राफिक व्यवस्थापन कार्यालय पोखराका प्रमुख एवं प्रहरी उपरीक्षक गोविन्दराज काफ्लेले जानकारी दिए। उनका अनुसार चालू आवको जेठसम्म ट्राफिक सचेतना कक्षा, समुदाय साझेदारी कार्यक्रम तथा ट्रायल सेन्टरमै नयाँ चालकलाई दिइने सचेतनामूलक प्रशिक्षणमार्फत १६ लाख ४६ हजार ५४० जना प्रत्यक्ष लाभान्वित भएका छन्।
'दुर्घटना न्यूनीकरण, ट्राफिक सचेतना अभिवृद्धि तथा आधुनिक ट्राफिक व्यवस्थापन प्रणालीको विकासका लागि सबै पक्षको सक्रिय सहभागिता आवश्यक छ। यसबाट मात्र बढ्दो सवारी दुर्घटनाका कारण हुने मानवीय तथा भौतिक क्षति कम गर्न सहयोग पुग्छ', प्रहरी उपरीक्षक काफ्लेले भने। कार्यालयका अनुसार चालू आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म प्रदेशभर भएका ४१६ सवारी दुर्घटनामा २३० जनाले ज्यान गुमाएका छन्। पछिल्ला वर्षहरूमा दुर्घटनाको सङ्ख्या र त्यसबाट हुने क्षति उच्च रहँदै आएको छ। आर्थिक वर्ष २०८०/८१ मा ३९५ दुर्घटनामा १७७ जनाको मृत्यु भएको थियो भने २०८१÷८२ मा ३८२ दुर्घटनामा २३७ जनाले ज्यान गुमाएको बताइन्छ।
प्रदेशका जिल्लामध्ये सबैभन्दा बढी दुर्घटना नवलपरासीमा भएका छन्। पूर्वपश्चिम राजमार्ग पर्ने उक्त जिल्लामा ११४ दुर्घटना भएका छन्। कास्कीमा १०९, तनहुँमा ७३, गोरखामा २५, पर्वतमा २०, बाग्लुङमा १९, स्याङ्जामा १६, म्याग्दीमा १४, मुस्ताङमा छ र मनाङमा दुई दुर्घटना भएका छन्। दुर्घटनाका प्रमुख कारणमध्ये चालकको लापरवाही अग्रस्थानमा रहेको कार्यालयले जनाएको छ। कुल दुर्घटनामध्ये ३४९ वटा चालकसम्बन्धी कारणले भएका छन्। सडकको अवस्थाका कारण २५, सवारीसाधनको प्राविधिक समस्याले २०, सडक प्रयोगकर्ताका कारण १६, यात्रुका कारण चार र मौसमका कारण दुई दुर्घटना भएका छन्।
चालकको तीव्र गति, मादक पदार्थ सेवन गरी सवारी चलाउने प्रवृत्ति, चालकको असक्षमता, जथाभावी ओभरटेक तथा लेन अनुशासनको पालना नगर्नु दुर्घटनाका मुख्य कारणका रूपमा पहिचान गरिएको छ। रासस

# पर्साका धोबिनी र छिपहरमाई गाउँपालिकाले समयसीमाभित्र बजेट ल्याउन सकेनन्

**मधेशदृष्टि**
**वीरगंज ।**
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै स्थानीय तहलाई असार १० गतेभित्र आगामी आर्थिक वर्ष २०८३÷८४ को बजेट सार्वजनिक गर्न निर्देशन दिएपनि पर्साका दुई गाउँपालिकाले तोकिएको समयसीमाभित्र बजेट ल्याउन सकेका छैनन् ।
निर्धारित समयमा बजेट प्रस्तुत नगर्ने स्थानीय तहको अनुदान कटौती हुन सक्ने मन्त्रालयले चेतावनी दिइसकेको छ । पर्साका १४ स्थानीय तहमध्ये १२ वटाले नीति, कार्यक्रम तथा बजेट सार्वजनिक गरिसकेका छन् । तर धोबिनी गाउँपालिका र छिपहरमाई गाउँपालिका भने अझै बजेट ल्याउन असफल भएका छन् ।
धोबिनी गाउँपालिकाका अध्यक्ष मदन चौहानका अनुसार प्रमुख प्रशासकीय अधिकृत कृष्ण खतिवडाको अनुपस्थितिका कारण बजेट निर्माण प्रक्रिया प्रभावित भएको हो । उनका अनुसार केही जनप्रतिनिधिबाट धम्की आएको भन्दै प्रमुख प्रशासकीय अधिकृत खतिवडा कार्यालयमा आउन छाडेका छन् र हाल सम्पर्कविहीन अवस्थामा रहेका छन् ।
यता छिपहरमाई गाउँपालिकाका अध्यक्ष मनोज गुप्ताले पनि प्रमुख प्रशासकीय अधिकृत सञ्जीव साहको अनुपस्थितिका कारण बजेट ल्याउन नसकिएको बताएका छन् । उनका अनुसार जनप्रतिनिधिहरू बजेट पारित गर्न तयार भए पनि प्रमुख प्रशासकीय अधिकृत साह बिदामा बसेपछि सम्पूर्ण प्रक्रिया रोकिएको हो ।

# वीरगंजमा दाह्रा ताजिया जुलुस



**मधेशदृष्टि**
**वीरगंज ।**
मोहरमको अवसरमा वीरगंजमा शुक्रबार दाह्रा ताजिया जुलुस सम्पन्न भएको छ । इस्लाम धर्मावलम्बीहरूले परम्पराअनुसार श्रद्धा र धार्मिक आस्थाका साथ जुलुस निकालेका हुन् ।
मुर्ली चोकबाट सुरु भएको जुलुसमा मुर्ली, छपकैया, गण्डक बहुअरी लगायतका विभिन्न क्षेत्रका इस्लाम धर्मावलम्बीहरूको सहभागिता थियो । ताजिया बोकेर, धार्मिक नारा लगाउँदै र परम्परागत विधिअनुसार उनीहरू वीरगञ्जका विभिन्न क्षेत्र हुँदै घण्टाघर चोकमा पुगेका थिए ।
घण्टाघरमा ताजिया जुलुसहरू एकत्रित भएपछि कार्यक्रम समापन गरिएको थियो । मोहरमको अवसरमा निकालिएको दाह्रा ताजिया जुलुसलाई व्यवस्थित र शान्तिपूर्ण बनाउन सुरक्षा अवस्था व्यवस्थित गरिएको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ ।

# कृषकको जीविकोपार्जन सुधारका लागि १२५ जना किसानलाई भैंसी वितरण

**सिकेन्द्र पासवान**
**कलैया ।**
कृषकहरूको आर्थिक जीवनस्तरमा सुधार ल्याउने र उनीहरूलाई व्यावसायिक पशुपालनतर्फ अग्रसर गराउने उद्देश्यका साथ बाराको कलैया उपमहानगरपालिका वडा नम्बर २६ मा मा एक विशेष कार्यक्रम मार्फत भैंसी प्रदान गरेका छन । कलैया उपमहानगरपालिका वडा नं. २६ को सम्न्वय तथा प्राविधिक सहयोग र राष्ट्रिय योजना आयोगको सहयोगमा ,इकरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., वीरगंज–१३, पर्सा (नेपाल) को व्यवस्थापन एवं अग्रसरतामा वडाका १२५ जना कृषकहरूलाई उन्नत जातको भैंसी वितरण गरिएको छ ।



'जीविकोपार्जन सुधारका लागि व्यावसायिक पशुपालन तथा खोर सुधार सम्बन्धी भैंसी हस्तान्तरण कार्यक्रम' अन्तर्गत आयोजित सो समारोहमा लक्षित वर्ग, विपन्न तथा व्यावसायिक पशुपालनमा लागेका कृषकहरूलाई छनोट गरी भैंसी हस्तान्तरण गरिएको हो । वडा अध्यक्ष धर्मेन्द्र प्रसाद यादवका अनुसार कार्यक्रमका लागि १९५ जनाको आवेदन परेपनि आवश्यक मापदण्ड पूरा गरेका १४० जनालाई मात्र भैंसी वितरण गरिएको हो । पशुपालन गर्ने क्षमता, व्यवस्थित खोर, पराल भण्डारण गर्ने स्थान तथा घरमा श्रमशक्ति उपलब्ध भएका किसानलाई प्राथमिकतामा राखेर छनोट गरिएको उनले बताए ।
उनका अनुसार शुक्रबार १२५ वटा भैंसी सम्बन्धित कृषकलाई हस्तान्तरण गरिएको छ भने बाँकी १५ वटा भैंसी आगामी दुई दिनभित्र वितरण गरिनेछ । उनका अनुसार करिब १ लाख १८ हजार रुपैयाँमा प्रती भैंसी खरिद गरिएको छ । वडा अध्यक्ष यादवले लाभग्राहीका खोर सुधारको कामसमेत भइरहेको जानकारी दिए । वितरण गरिएका सबै भैंसीको बीमा गरिएको छ भने तीन वर्षसम्म बिक्री गर्न नपाइने व्यवस्था गरिएको छ । निर्धारित अवधिभित्र बिक्री गरेको पाइए कानुनबमोजिम असुलउपर गरिने उनले बताए ।
उक्त भैंसी हस्तान्तरण कार्यक्रममा कलैया उपमहानगरपालिकाका नगर प्रमुख बिनोद साह, उप–प्रमुख रौशन परविन, निमित प्रमुख प्रशासकीय अधिकृत राजिव प्रसाद यादव, वडा नं. ४ का अध्यक्ष रामेश्वर प्रसाद यादव, वडा नं. ६ का अध्यक्ष रामबिश्वास ठाकुर लोहार, वडा नं. २७ का अध्यक्ष अशोक तिवारी लगायतका सहभागिता रहेको थियो ।
आर्थिक समृद्धि र आत्मनिर्भरतामा जोड
कार्यक्रममा बोल्दै वडाका जनप्रतिनिधि तथा स्थानीय अगुवाहरूले परम्परागत खेती प्रणालीको विकल्प र परिपूरकका रूपमा पशुपालनलाई अगाडि बढाउनु पर्नेमा जोड दिए । वितरण गरिएका भैंसीहरूबाट उत्पादन हुने दूध बिक्री गरी किसानहरूले आफ्नो दैनिक गुजारा चलाउनुका साथै सन्तानको शिक्षा र स्वास्थ्यमा लगानी गर्न सक्ने विश्वास व्यक्त गरिएको छ । सहजकर्ता संस्था इकरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. का प्रतिनिधिहरूले किसानहरूलाई भैंसीको स्वास्थ्य, उचित आहार र आधुनिक खोर सुधारका प्राविधिक पक्षहरूबारे समेत जानकारी गराएका थिए ।
कृषकहरूमा खुसी
लामो समयदेखि आर्थिक अभावका कारण व्यावसायिक रूपमा पशुपालन सुरु गर्न नसकेका स्थानीय किसानहरूले सरकारी र निजी क्षेत्रको यस संयुक्त पहलबाट प्रत्यक्ष राहत पाएका छन् । भैंसी बुझ्दै स्थानीय एक कृषकले भने, 'वडा कार्यालय र संस्थाले हाम्रो घरदैलोमै आएर यसरी भैंसी सहयोग गर्ला भन्ने सोचेका थिएनौं ।' अब यसलाई राम्रोसँग पालेर दुग्ध व्यवसायलाई अगाडि बढाउनेछौं किसान बैधनाथ रामले जानकारी दिए । पछिल्लो समय स्थानीय सरकारहरूले भौतिक पूर्वाधारसँगै सर्वसाधारणको प्रत्यक्ष जीविकोपार्जन र आयआर्जनका कार्यक्रमलाई प्राथमिकता दिन थालेका छन् । कलैया उपमहानगरपालिका वडा नं. २६ को यो कदमले स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न र दुग्ध उत्पादनमा वडालाई आत्मनिर्भर बनाउन ठूलो टेवा पुग्ने वडा अध्यक्ष धर्मेन्द्र यादवले भने ।

# निःशुल्क आँखा परीक्षण शिविर

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बहुदरमाई नगरपालिका वडा नम्बर–८ रामनगरीमा निःशुल्क आँखा परीक्षण शिविर सम्पन्न भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी बहुदरमाई–८ वडा समितिका सभापति ओमप्रकाश पाण्डेको आयोजनामा तथा रास्वपा पर्सा क्षेत्र नम्बर–३ का क्षेत्रीय सभापति प्रदीप जैसवालको आवश्यक सहयोगमा निःशुल्क आँखा परीक्षण शिविर सम्पन्न भएको हो ।
रामनगरी स्वास्थ्य चौकी नजिक रहेको बर्थिङ सेन्टरको भवनमा आयोजित शिविरमा २९६ जनाको आँखा परीक्षण गर्दा ९७ जनामा मोतिबिन्दु पुष्टि भएको छ। शिविरको उद्घाटन क्षेत्रीय सभापति जैसवालले गरेका थिए । उद्घाटन गर्दै उनले आगामी दिनमा पनि यस्ता सामाजिक कार्यक्रम सञ्चालन गर्दै जाने बताए । साथै, क्षेत्रीय सभापति जैसवालले बहुदरमाई युवा क्लबलाई झन्डै १३ हजार रुपैयाँ बराबरको क्रिकेट सामग्री प्रदान गरेका छन् । उनले स्थानीय खेलाडीहरूको मनोबल उच्च बनाउन र खेलकुद क्षेत्रमा अघि बढाउन सधैं सहयोग जारी रहने प्रतिबद्धता व्यक्त गरे ।

# आचारसंहिता तथा भाषा र लैङ्गिकसम्बन्धी अभिमुखीकरण

**मधेशदृष्टि**
**महोत्तरी ।**
मिडिया काउन्सिल मधेश प्रदेशको आयोजनामा 'विश्वसनीय, मर्यादित र व्यवसायिक पत्रकारिता प्रवद्र्धनका लागि आचारसंहिता तथा भाषा र लैङ्गिकसम्बन्धी अभिमुखीकरण कार्यक्रम' महोत्तरीको बर्दिबासमा शुरु भएको छ ।
अभिमुखिकरण कार्यक्रमलाई मिडिया काउन्सीलले मधेशमा अभियान कै रुपमा सञ्चालन गरिरहेको छ । कार्यक्रममा मिडिया काउन्सिल मधेश प्रदेशकी कार्यवाहक अध्यक्ष बन्दना झा, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जारा तथा महासंघका पूर्व केन्द्रीय अध्यक्ष धर्मेन्द्र झालगायतले मर्यादित, तथ्यपरक र जिम्मेवार पत्रकारिताको आवश्यकता तथा महत्वबारे आफ्नो धारणा राखेका थिए ।
वक्ताहरूले पत्रकारिता केवल सूचना सम्प्रेषणको माध्यम मात्र नभई समाजलाई सही दिशा दिने जिम्मेवार पेशा भएको उल्लेख गर्दै सत्य, तथ्य र सन्तुलित समाचार सम्प्रेषणमा जोड दिएका थिए । उनीहरूले पत्रकारिताको विश्वसनीयता कायम राख्न सञ्चारमाध्यम र पत्रकारले आचारसंहिताको पूर्ण पालना गर्नुपर्नेमा समेत जोड दिएका छन् ।

# करेन्ट लागेर महिला घाइते

**मधेशदृष्टि**
**कलैया ।**
बाराको कलैया उपमहानगरपालिका–२७ बरवास्थित एक महिलालाई खेतमा पानी लगाउने क्रममा करेन्ट लागेर घाइते भएकी छन् । स्थानीय शिवनाथ सहनीकी श्रीमती ४२ वर्षीया लिलावती देवीलाई आफ्नै खेतमा जडान गरिएको विद्युतीय मोटरबाट पानी लगाउने क्रममा करेन्ट लागेको प्रहरीले जनाएको छ ।
घटनापछि घाइतेलाई उपचारका लागि प्रादेशिक अस्पताल कलैयामा भर्ना गरिएको छ । अस्पतालका अनुसार उनको अवस्था मध्यम रहेको छ ।

# बन्द वीचिकालिलाई तत्काल संचालन गर्न सरकारलाई ध्यानाकर्षण

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कम्युनिस्ट पार्टीकी सांसद उर्मिला अर्यालले मुलुकलाई चिनीमा आत्मनिर्भर बनाउन र बन्द अवस्थामा रहेको वीरगंज चिनी कारखानालाई तत्काल पुनः सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराएकी छन् ।
शुक्रबार बसेको राष्ट्रिय सभा बैठकमा विशेष समय लिएर बोल्दै उनले राष्ट्रिय चिनी नीति र कारखाना सञ्चालनका लागि रुसले राखेको प्रस्तावका विषयमा सरकारको स्पष्ट धारणा माग गरिन् । सांसद अर्यालले वीरगंज चिनी कारखानालाई राष्ट्रिय धरोहरका रूपमा चित्रण गर्दै यसको पुनरुत्थानले मधेश प्रदेशको आर्थिक अवस्था र राष्ट्रिय आयमा ठूलो योगदान पुग्ने विश्वास व्यक्त गरिन् ।
शोभियत संघको सहयोगमा सन् १९६४ मा स्थापना भएको यो कारखाना हाल नीतिगत त्रुटि र कुव्यवस्थापनका कारण धराशायी भएको उनको भनाइ थियो । मुलुकमा चिनीको वर्तमान अवस्थाबारे तथ्यांक प्रस्तुत गर्दै अर्यालले हाल वार्षिक २ लाख ७० हजार मेट्रिक टन चिनीको माग रहेको जानकारी दिइन् ।
जसमा घरायसी प्रयोगका लागि १ लाख ७५ हजार र औद्योगिक क्षेत्रका लागि ९५ हजार मेट्रिक टन आवश्यक छ । आगामी एक दशकमा यो माग बढेर ४ लाख ४० हजार मेट्रिक टन पुग्ने अनुमान गरिएको छ ।

# अब उद्योग दर्ता र नियमन प्रदेशबाटै, मधेशमा १८८ उद्योगको अभिलेख हस्तान्तरण



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सात वर्षदेखि कार्यान्वयनको प्रतीक्षामा रहेको उद्योग प्रशासनसम्बन्धी महत्वपूर्ण व्यवस्था अब व्यवहारमा लागू भएको छ । २५ करोड रुपैयाँसम्म स्थिर पूँजी भएका उद्योगहरूको दर्ता, नवीकरण, नियमन तथा प्रशासनिक अधिकार मधेश प्रदेश सरकार मातहत आएको छ ।
केन्द्र सरकारले हस्तान्तरण गरेको मझौला उद्योगसम्बन्धी फाइलहरू मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री कनिष पटेलले प्रदेश सचिव जयकुमार घिमिरेको उपस्थितिमा प्रदेश उद्योग विभाग वीरगंजका निमित्त निर्देशक रिमा साहलाई औपचारिक रूपमा हस्तान्तरण गरेका हुन् ।
उद्योग विभाग, त्रिपुरेश्वर काठमाडौंले २५ करोड रुपैयाँसम्म स्थिर पूँजी भएका स्वदेशी लगानीका उद्योगहरूको अभिलेख फाइल प्रदेश सरकारलाई उपलब्ध गराएको हो । मन्त्रालयका अनुसार मधेश प्रदेशअन्तर्गत रहेका १८८ वटा उद्योगका सक्कली अभिलेख फाइल विवरणसहित हस्तान्तरण गरिएको छ । औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसार प्रदेश सरकारलाई दिइएको उद्योग प्रशासनसम्बन्धी अधिकार लामो समयसम्म कार्यान्वयन हुन सकेको थिएन ।
मन्त्री कनिष पटेलको पहलपछि संघीय सरकारबाट अधिकार हस्तान्तरण प्रक्रिया अघि बढेको हो ।
अब सम्बन्धित उद्योगहरूको दर्ता, नवीकरण, नियमन तथा प्रशासनिक काम प्रदेशबाटै हुने भएको छ । यसले उद्योगी व्यवसायीलाई सहज सेवा प्रदान गर्नुका साथै प्रदेशको राजस्व वृद्धि, लगानी विस्तार र रोजगारी सिर्जनामा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । मन्त्री पटेलले उद्योग प्रशासनको अधिकार प्रदेशमा आउनु संघीयताको प्रभावकारी कार्यान्वयनतर्फको महत्वपूर्ण उपलब्धि भएको बताएका छन् । उनले मधेश प्रदेशले थालेको पहलबाट अन्य प्रदेशले समेत लाभ पाउने अवस्था सिर्जना भएको बताए ।

## नेशनल मेडिकल कलेजमा

# फ्याकल्टी डेभलपमेन्ट तालिम सम्पन्न चिकित्सा शिक्षाको गुणस्तर सुधारमा जोड

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित नेशनल मेडिकल कलेजले चिकित्सा शिक्षाको गुणस्तर अभिवृद्धि तथा शिक्षकहरूको पेशागत दक्षता विकास गर्ने उद्देश्यले सञ्चालन गरेको ६ दिने 'फ्याकल्टी डेभलपमेन्ट ट्रेनिङ' शुक्रबार सम्पन्न भएको छ । चिकित्सा शिक्षा विभाग, इन्स्टिच्युट अफ मेडिसिन (आई.ओ.एम.), काठमाडौंको सहकार्यमा असार ७ देखि १२ गतेसम्म सञ्चालन भएको तालिमको समापन समारोह कलेजको आई.बि.एम.एस. ब्लकस्थित कन्फरेन्स हलमा आयोजित गरिएको थियो ।
समारोहको अध्यक्षता कलेजका प्रिन्सिपल प्रा. डा. के.एन. सिंहले गर्नुभएको थियो भने अध्यक्ष प्रा. डा. जैनुद्दीन अन्सारी प्रमुख अतिथिका रूपमा उपस्थित थिए । समारोहमा इन्स्टिच्युट अफ मेडिसिनका प्रा. डा. निर्जु रञ्जित, प्रा. डा. संघरत्न बज्राचार्य तथा प्रा. डा. रमेश आचार्य विशिष्ट अतिथिका रूपमा सहभागी भएका थिए । त्यस्तै, अस्पताल निर्देशक डा. इशरत जहान, एडमिसन तथा मार्केटिङ निर्देशक अबिद हुसेन अन्सारी, उप–प्राचार्य डा. रविशंकर गुप्ता तथा नर्सिङ क्याम्पसकी उप–प्राचार्य प्रा. डा. बबिता सिंहलगायतको उल्लेखनीय उपस्थिति रहेको थियो ।




समापन कार्यक्रममा प्रशिक्षार्थीहरूले तालिमबाट हासिल गरेका अनुभव र सिकाइ साझा गरेका थिए । वक्ताहरूले यस्ता क्षमता अभिवृद्धि कार्यक्रमले आधुनिक शिक्षण विधि, प्रभावकारी विद्यार्थी मूल्याङ्कन, अनुसन्धान संस्कृतिको विकास तथा शिक्षकहरूको व्यावसायिक दक्षता अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेल्ने धारणा व्यक्त गरे । प्रमुख अतिथि प्रा. डा. जैनुद्दीन अन्सारीले संस्थाले शैक्षिक उत्कृष्टतालाई थप सुदृढ बनाउन यस्ता तालिमलाई आगामी दिनमा पनि निरन्तर सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे ।
उनले तालिमलाई सफल बनाउन योगदान पु¥याउने प्रशिक्षक तथा सहभागी सबैप्रति आभारसमेत व्यक्त गरे ।
कार्यक्रमका अवसरमा तालिम सफलतापूर्वक पूरा गरेका सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो । अन्त्यमा उप–प्राचार्य डा. रविशंकर गुप्ताले धन्यवाद ज्ञापन गर्दै औपचारिक रूपमा कार्यक्रम समापन भएको घोषणा गरेका थिए । छ दिनसम्म सञ्चालन भएको तालिममा चिकित्सा शिक्षासँग सम्बन्धित विविध विषयमा विशेषज्ञ प्रशिक्षकहरूले सहजीकरण गरेका थिए । तालिमले सहभागी शिक्षकहरूको ज्ञान, सीप र शिक्षण क्षमतामा उल्लेखनीय वृद्धि भएको विश्वास आयोजकले व्यक्त गरेको छ ।

सम्पादकीय

# सक्रिय मनसुनमा सुक्खाको पदचाप

नेपालमा मनसुन भित्रिएको दुई साताभन्दा बढी भइसक्दा पनि देशका धेरै भागमा अपेक्षाअनुसार वर्षा हुनसकेको छैन। जल तथा मौसम विज्ञान विभागको पछिल्लो तथ्याङ्कले जुन १ देखि २५ तारिखसम्म देशभर औसत १४९ मिलीमिटर मात्र वर्षा भएको देखाएको छ, जुन यस अवधिको औसत वर्षा (२१४ मिलीमिटर) को तुलनामा केवल ६९.६ प्रतिशत मात्र हो। आकाशमा बादल मडारिए पनि र मनसुन सक्रिय रहेको भनिए पनि जमिन भिज्ने गरी पानी नपर्दा यस वर्षको मनसुनले सुरुवातमै संशय पैदा गरेको छ। वर्षाको यो न्यूनताले केवल तथ्याङ्कलाई मात्र होइन, हाम्रो समग्र कृषि चक्र र जलस्रोतको उपलब्धतालाई समेत चुनौती दिएको छ।

यस वर्षको मनसुन सुरु हुनुअघि नै मौसमविद्हरूले औसतभन्दा कम वर्षा हुने प्रक्षेपण गरेका थिए। प्रशान्त महासागरमा विकसित 'एल निनो' को प्रभावका कारण दक्षिण एसियाली क्षेत्रमै मनसुन कमजोर रहने अनुमान गरिएको थियो, जसको प्रत्यक्ष असर अहिले नेपालमा देखिन थालेको छ। यद्यपि, यसअघिको प्रि–मनसुन अवधिमा औसतभन्दा १४५ प्रतिशत बढी वर्षा भएको थियो, जसले गर्दा जमिनमा केही ओस त थियो, तर मुख्य बाली लगाउने समयमा भएको वर्षाको अभावले किसानहरूलाई चिन्तित बनाएको छ। जलवायु परिवर्तनका कारण वर्षाको प्रकृतिमा आएको यो फेरबदलले हाम्रो मौसमी प्रणालीलाई झन् अनिश्चित बनाउँदै लगेको छ। नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिने कृषिका लागि यो समय निकै महत्वपूर्ण छ। असार महिना धान रोपाइँको मुख्य समय हो, तर वर्षाको अभावमा धेरै ठाउँमा ब्याड राख्न र रोपाइँ गर्न समस्या परेको छ। सिँचाइको सुविधा नभएका आकाशे पानीको भरमा खेती गर्ने किसानहरूका लागि त यो अवस्था झनै कष्टकर बनेको छ। समयमा धान रोप्न नपाउँदा यसले आगामी वर्षको खाद्यान्न उत्पादनमा ह्रास ल्याउने निश्चित छ। मनसुन सक्रिय भएर पनि वर्षा नहुनुले कृषि क्षेत्रमा मात्र नभई ग्रामीण अर्थतन्त्रमै गम्भीर असर पु¥याउने देखिन्छ। वर्षाको कमीले केवल कृषिमा मात्र नभई जलविद्युत उत्पादन र खानेपानीको स्रोतमा पनि प्रभाव पार्नेछ। नेपालका धेरै जलविद्युत आयोजनाहरू नदीको बहावमा आधारित (रन अफ रिभर) भएकाले वर्षा कम हुँदा विद्युत उत्पादनमा गिरावट आउन सक्छ। त्यस्तै, लामो समयसम्म पानी नपर्दा भूमिगत जलस्रोतको पुनर्भरण हुन पाउँदैन, जसले गर्दा हिउँदमा खानेपानीको संकट झनै चुलिने सम्भावना रहन्छ। सुक्खा मौसमले डढेलोको जोखिमलाई पनि कायमै राख्ने भएकाले वातावरणीय दृष्टिले पनि यो अवस्था चुनौतीपूर्ण छ।

अतः मौसमी अनिश्चिततालाई मध्यनजर गर्दै सरकारले दीर्घकालीन जल व्यवस्थापन र अनुकूलन रणनीतिहरू अवलम्बन गर्न ढिला गर्नु हुँदैन। केवल वर्षाको तथ्याङ्क संकलन गरेर मात्र पुग्दैन, सुक्खाको सामना गर्न सक्ने प्रविधि र सिँचाइका वैकल्पिक माध्यमहरूमा लगानी बढाउनु आवश्यक छ। किसानहरूलाई खडेरी सहन सक्ने बालीका प्रजातिहरू उपलब्ध गराउने र मौसमसम्बन्धी सही सूचना समयमै प्रवाह गर्ने संयन्त्रलाई प्रभावकारी बनाउनुपर्छ।

प्रकृतिमाथि हाम्रो नियन्त्रण नभए पनि पूर्वतयारी र वैज्ञानिक व्यवस्थापनमार्फत यसबाट हुने क्षतिलाई न्यूनीकरण गर्न भने पक्कै सकिन्छ।

# लागुऔषधको दलदलमा युवा समूह

–भरत केसी/रासस

लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय नेपालगन्ज र इलाका प्रहरी कार्यालय कोहलपुरको टोलीले गत मङ्गलबार राति करिब १० बजेको समयमा बाँकेको कोहलपुर–१ कौशिलानगरस्थित सार्वजनिक प्रतीक्षालयमा बसेका दुई व्यक्तिसँग आवश्यक सोधपुछ र खानतलासी ग¥यो। त्यस क्रममा उनीहरुसाग रहेको रातो प्लाष्टिकभित्र लुकाइछिपाई राखेको एक किलो २०० ग्राम अफिम बरामद भयो।

प्रहरीले तत्कालै वैजनाथ गाउँपालिका–३ नौवस्ताका २९ वर्षीय विशाल थापा मगर र कोहलपुर नगरपालिका–१ कौशिलानगरका ४८ वर्षीय गगनबहादुर परियार नाम गरेका ती व्यक्तिलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान अघि बढाएको छ।

रुपन्देहीको सैनामैना नगरपालिका–११ बनकट्टीमा बुटवलदेखि दाङतर्फ जाँदै गरेको लु १ ज ४९३६ नं.को इभी गाडीलाई प्रहरीले रोकेर चेकजाँच गर्दा त्यसमा सवार दाङ घोराही उप–महानगरपालिका–१४ बस्ने वर्ष २८ को रविन बुढाको झोलाबाट ठूलो परिणाममा औषधजन्य लागुऔषध बरामद भयो। प्रहरीले बुढा र गाडीसहित चालकलाई नियन्त्रणमा लिई सो सम्बन्धमा अनुसन्धान गरिरहेको छ।

रुपन्देही प्रहरीले गत वैशाखमा जिल्लाका मुख्य राजमार्ग तथा भित्री सडकमा गुड्ने सार्वजनिक सवारीका एक सय चालकको परीक्षण अभियान सञ्चालन ग¥यो। उनीहरु लाई पिसाव परीक्षण गर्दा १७ जना चालकमा लागुऔषध सेवन गरेको पाइएकाले नियन्त्रणमा लिई लागुऔषध नियन्त्रण ऐन २०३३ बमोजिम आवश्यक अनुसन्धान अघि बढाइएको प्रहरीको भनाइ छ।

प्रहरीको लागुऔषध ओसारपसार, बिक्रीवितरण र सेवन नियन्त्रणका लागि चालिएका यस खालका अभियानका क्रममा फेला परेका व्यक्ति र समूहको अवस्था हेर्दा यस क्षेत्रमा लागुऔषधका घटनाको अवस्था निकै भयावह देखिन्छ। लुम्बिनी प्रदेशका छ वटा तराईका जिल्ला र छ वटा हिमाली तथा पहाडी जिल्लामा हुने लागुऔषधका घटनामा नेपाल–भारत सीमा नै मुख्य समस्या रहेको प्रहरी अधिकारीहरुको बुझाइ रहेको छ।

रुपन्देही जिल्ला प्रहरीको गत वैशाखको तथ्याङ्क मात्र हेर्दा पनि विभिन्न खाले लागुऔषधको सेवन, ओसारपसार र बिक्रीबितरणको अभियोगमा १९ जनालाई नियन्त्रणमा लिई मुद्दा चलाइएको छ। प्रहरीले गत महिनामा मात्र लागुऔषधको विभिन्न १२ वटा मुद्दा दर्ता गरेको जनाएको छ।

प्रहरीले उनीहरुबाट गाँजा तीन किलो ९८ ग्राम, ब्राउन सुगर नौ ग्राम ९० मिलिग्राम, डाइजेपाम–१०९ एम्पुल, फेनारगन–११३ एम्पुल, ब्रुफिनुर्फिन–९७ एम्पुल, स्पास्मो–२२५ ट्याब्लेट, प्रोमिथाइजिन–६ एम्पुल, अन्य एम्पुल–२३ र अन्य ट्याब्लेट–१४७ बरामद गरेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्रहरी उपरिक्षक जनकबहादुर शाहीले भारतसँग सीमा जोडिएका जिल्लामा लागुऔषध कारोवारीलाई सहज भएको बताउछन्।

लुम्बिनी प्रदेशका १२ जिल्लाबाट गत वर्षको अवधिमा ७४८ लागूऔषधसम्बन्धी घटनामा मुद्दा दर्ता भएको नेपाल प्रहरीले जनाएको छ। प्रदेशका १२ जिल्लामध्ये पहाडी जिल्लाभन्दा तराईका जिल्लामा लागुऔषधको कारोवार तथा ओसारपसार बढी हुने गरेको गतवर्ष २०८२ वैशाखदेखि चैत्रसम्मको नेपाल प्रहरी लुम्बिनी प्रदेश कार्यालय दाङको तथ्याङ्कमा देखिएको छ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयको २०८२ वैशाखदेखि चैत्रसम्मको तथ्याङ्कअनुसार बाँके, बर्दिया र रुपन्देही अत्याधिक जोखिमको रुपमा देखिएका छन्। प्रदेशका १२ जिल्लामा भएका लागुऔषधका समग्र घटनामध्ये झण्डै ७० प्रतिशत घटना नेपाल–भारत सीमा क्षेत्रमा रहेका यी जिल्लामा भएको देखिन्छ। तीन जिल्लामध्ये सबैभन्दा बढी बाँके जिल्लाका २१७ घटनामा ३२२ जना व्यक्ति पक्राउ परेको प्रहरीले जनाएको छ। पक्राउ परेकामध्ये २९५ जना पुरुष, १८ जना महिला रहेका छन्। यीमध्ये आठ जना भारतीय पुरुष र एक महिला रहेका छन्। यस्तै बर्दिया जिल्लाको १६६ लागुऔषधका घटनामा २४४ जना पक्राउ परेका छन्। यसमध्ये २२९ जना स्वदेशी पुरुष, तीन महिला, ११ भारतीय पुरुष र एक महिला रहेको तथ्याङ्कमा उल्लेख गरिएको छ।

लागुऔषधका घटनामा प्रदेशका १२ जिल्लामध्ये तेस्रो स्थानमा रहेको रुपन्देहीमा गत वर्षको अवधिमा १३७ घटनाको कानूनी प्रक्रिया अगाडि बढाइएको छ। यी घटनामा २३४ जनालाई प्रहरीले नियन्त्रण लिएर मुद्दा चलाएको जनाएको छ। यीमध्ये २०८ पुरुष, चार महिला र २२ भारतीय नागरिक रहेका छन्। यससँगै तराईका तीन जिल्ला दाङ्, कपिलबस्तु र पश्चिम नवलपरासीमा गरी २०१ लागुऔषधका घटनामा ३१४ जना पक्राउ परेरको प्रहरीको तथ्याङ्क छ। यीमध्ये २१ भारतीय नागरिक रहेका छन्।

प्रदेशका पहाडी जिल्ला रुकुमपूर्व, रोल्पा, प्यूठान, अर्घाखाँची, गुल्मी र पाल्पामा गरी जम्मा जम्मा १७ वटा घटनामा २८ जना पक्राउ परी आवश्यक कानूनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ। लुम्बिनी प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कअनुसार लागुऔषधको घटनामा उमेर समूह विश्लेषणगर्दा विभिन्न जिल्लाबाट लागुऔषधका घटनामा नियन्त्रणमा लिएका एक हजार १८८ मध्ये १६ वर्षदेखि २५ वर्ष उमेर समूहको सङ्ख्या झण्डै ४२.५१ प्रतिशत अर्थात ५०५ जना रहेका छन्। यसबाहेक १६ वर्षमुनि उमेर समूहको सङ्ख्या ४० जना रहेका छन्। यस्तै २६ देखि ३५ वर्ष उमेर समूहको सङ्ख्या ४२२ जना रहेका छन्। प्रहरीको तथ्याङ्कअनुसार ३६ देखि ४५ वर्ष उमेर समूहको सङ्ख्या १७० र ४६ देखि ६० वर्ष उमेर समूहको सङ्ख्या ४५ र ६० देखि माथि उमेर समूहको संख्या छ जना रहेको छ।

प्रदेश प्रहरी कार्यालयका अनुसार प्रदेशमा सबैभन्दा बढी गाँजा र चरेको ओसारपसार तथा कारोवार हुने गरेको पाइएको छ। गत वर्षको अवधिमा प्रदेशमा सबैभन्दा बढी ३७१ किलो ३५ ग्राम गाँजा बरामद भएको छ। यसअन्तर्गत सबैभन्दा बढी बाँकेबाट १३० किलो ९२ ग्राम बरामद भैको छ। यस्तै रुपन्देहीका विभिन्न स्थानबाट १०५ किलो ८३ ग्राम गाँजा बरामद भएको छ। यस्तै पश्चिम नवलपरासीबाट ४५ किलो ०५ ग्राम, दाङबाट २५ किलो ४१ ग्राम, कपिलबस्तुबाट ३६ किलो ७० ग्राम र अर्घाखाँचीबाट पाँच किलो २८ ग्राम गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ।

यस्तै एक वर्षको अवधिमा २२ किलो ९२ ग्राम चरेस बरामद भएको छ। यस अवधिमा सबैभन्दा बढी चरेस दाङ जिल्लाबाट १४ किलो ५९ ग्राम चरेस बरामद भएको पाइएको छ। यस्तै रोल्पाबाट चार किलो १६ ग्राम, पश्चिम नवलपरासीबाट दुई किलो २३ ग्राम, रुपन्देहीबाट एक किलो ५८ ग्राम चरेस बरामद भएको प्रहरीले जनाएको छ। बर्दियाबाट मात्र अफिमको कारोवारका लागि ओसारपसार हुँदै गरेको २५ किलो ७० ग्राम बरामद भएको छ।

यस्तै प्रदेश प्रहरी कार्यालयको तथ्याङ्क अनुसार एक वर्षको अवधिमा बिभिन्न जिल्लाबाट कारोवारका लागि ओसारपसार हुदै गरेको चार हजार सात सय ५९ ग्राम ३७३ मिलीग्राम ब्राउनसुगर बरामद भएको छ। यस अवधिमा सबैभन्दा बढी बाँके जिल्लाबाट २६२३ ग्राम ६०३ मिलीग्राम ब्राउन सुगर प्रहरीले बरामद गरेको छ। यस्तै बर्दिया जिल्लाबाट ७४८ ग्राम ८८३ मिलीग्राम ब्राउन सुगर बरामद भएको छ। यस्तै रुपन्देही जिल्लाबाट एक वर्षको अवधिमा ३१९ ग्राम १०२ मिलीग्राम ब्राउन सुगर बरामद भएको छ। यस अवधिमा दाङ जिल्लाबाट २६९ ग्राम १६ मिलीग्राम ब्राउन सुगर बरामद भएको प्रहरीले जनाएको छ।

लागु औषधको कारोवारमा यस बाहेर औषधीजन्य लागुऔषधको कारोवार र ओसारपसारका क्रममा प्रहरीले बरामद गरेको परिणामको तथ्याङ्कले डरलाग्दो अवस्था देखाएको छ। यस अवधिमा एक लाख ४ हजार २८२ गोटा औषधीजन्य लागुऔषध प्रहरीले बरामद गरेको छ। यस अनुसार सबैभन्दा बढी पश्चिम नवलपरासीबाट ४७ हजार १८६ गोटा, रुपन्देहीबाट ३० हजार ८३८, बाँके बाट १६ हजार १३३ वटा औषधीजन्य लागुऔषध बरामद भएको छ।

प्रमुख प्रहरी नायव महानिरिक्षक भूपेन्द्रबहादुर खत्री लागुऔषधको नियन्त्रणमा नेपाल प्रहरीले जनचेतनामूलक र कारवाहीमूलक हिसावले सञ्चालन गरेका क्रियाकलाप मात्र पर्याप्त नभकाले अव समूदायस्तरमा अभियानकै रुपमा विभिन्न कार्यक्रम लैजानुपर्ने आवश्यकता रहेको बताउछन्।

अघिल्लो वर्षको तुलनामा लागुऔषधका घटनामा केही कमी देखिए पनि यसलाई सन्तोषजनक रुपमा लिन नसकिने उनको निष्कर्ष छ। 'लागुऔषधको कुलतमा अहिलेका युवा पिंढी जसरी फसेका छन्, त्यो नै सबैको चिन्ता र चासोको विषय हो,' उनले भने, 'यसलाईसबै सरोकारवाला पक्षले गहिरोसँग बुझेर लामो समयदेखि लागुऔषध न्यूनीकरणका लागि अभियानकै रुपमा लागेका विज्ञ अभियान्ताहरुमार्फत युवाहरुलाई सचेत बनाउने गरी प्रहरीले कार्यक्रम गर्नेछ।'

सिन्थेटिक ड्रग (कृतिम लागुपदार्थ) को नियन्त्रणमा पहाडी जिल्लामा भन्दा तराईका जिल्ला विशेषगरी भारतीय सीमा क्षेत्रमा डरलाग्दो रुपमा फैलिएकाले लागुऔषधको नियन्त्रणमा अझै कडाका साथ लाग्नुपर्ने उनी बताउछन्। सीमा क्षेत्रमा सुरक्षा सतर्कता बढाउने, भारतका जिम्मेवार अधिकारीहरुसँग लागुऔषधको अवस्थाका बारेमा छलफल गरेर कडाइ गर्न अनुरोध गर्ने र यसको मुख्य कारोवारीसम्म पुग्नुपर्ने जरुरी रहेको उनको भनाइ छ।

लागुऔषध तथा मनोसामाजिक कार्यमा रुपन्देहीमा लामो समयदेखि संस्थागत ढङ्गले काम गर्दै आएको चौतारी नेपाल हेल्थ फाउन्डेशन, अस्पतालका सञ्चालक तथा बरिष्ठ नशा, स्नायु तथा मनोरोग बिशेषज्ञ प्रा.डा. मनोज ढुंगाना पनि लागुऔषधको दुव्र्यसनमा युवा समूहको संख्या डरलाग्दो अवस्थामा रहेको बताउछन्। लागुऔषधको दुव्र्यसनीमा अधिकांश १६ देखि ३० वर्ष उमेर समूहका शहरिया किशोरकिशोरी रहने गरेको उनको भनाइ छ। 'आजभोलि गाँजा जहाँसुकै सहजै पाउने र सस्तो पनि हुने भएकाले यसको प्रयोग बढेको छ,' उनले भने, 'गाँजा त किराना पसलमा समेत चुरोटमा भरेर राखेर बिक्री गर्छन, कतिपय अवस्थामा औषधिजन्य पदार्थ (कफ सिरप, चक्की) लाई पनि नशाको रूपमा दुरुपयोग गरिएको छ।'

# 'मैदानमा क्रिकेट ब्याटको प्रहार महिला सशक्तीकरणको आधार'

–जमुना वर्षा शर्मा/रासस

कुनै समय थियो, नेपाली समाजमा छोरीहरूले क्रिकेट मैदानमा पाइला टेक्नु निकै चुनौतीपूर्ण मानिन्थ्यो। घरको चौघेरा, चुलो–चौको र परम्परागत भूमिकाभित्र सीमित गरिएका छोरीहरूका लागि खेलकुदमा भविष्य देख्नु सजिलो थिएन। खेल मैदानमा उनीहरूको उपस्थिति अपवादजस्तै थियो। राष्ट्रिय टोलीको जर्सी लगाउने सपना त झन टाढाको कुरा।

दक्षिण अफ्रिकाका महान् नेता नेल्सन मण्डेलाले भनेका थिए, 'खेलकुदमा संसार परिवर्तन गर्ने शक्ति हुन्छ। यसमा मानिसहरूलाई एकताबद्ध गर्ने र जहाँ निराशा मात्र छ, त्यहाँ आशा जगाउने अद्भूत क्षमता हुन्छ।' आज नेपालमा महिला क्रिकेटले यही परिवर्तनको कथा लेखिरहेका छन्। हिजो बेल्ना चौकामा सीमित हातहरूले आज आत्मविश्वासका साथ क्रिकेट मैदानमा ब्याट चलाइरहेका छन्। सटिक बलिङ गरिरहेका छन्। अन्तरराष्ट्रिय प्रतियोगितामा नेपालको झण्डा फहराइरहेका छन्।

नेपाली महिला क्रिकेटको बढ्दो यात्रा केवल खेलकुदको उपलब्धि मात्र होइन, महिला सशक्तीकरणको एउटा सशक्त आधार पनि हो। यस परिवर्तनको उदाहरण हुन् राष्ट्रिय महिला क्रिकेट टोलीकी खेलाडी रचना चौधरी। सुदूरपश्चिमको कैलाली जिल्लाको सुवर्णपुरबाट बुबासँगै अध्ययनका लागि पोखरा आएकी रचना अहिले कक्षा १२ मा अध्ययनरत हुन्। उनको क्रिकेट यात्रा योजनाबद्ध होइन, संयोगबाट सुरु भएको थियो। कक्षा ९ मा अध्ययनरत रहँदा १४ वर्षको उमेरमा किडासा फाउण्डेशनमार्फत क्रिकेटसँग जोडिएकी रचना रमाइलोका लागि खेल क्षेत्रमा आएकी थिइन्। 'मलाई त्यतिबेला पढाइभन्दा खेल्न रमाइलो लाग्थ्यो। रमाइलोका लागि खेलेको खेलले नै मलाई पहिचान दियो। पछि क्रिकेट नै मेरो जीवनको हिस्सा बन्यो,' उनी सम्झन्छिन्।

मिस्त्री काम गर्ने बुबाको सङ्घर्षका बीच हुर्किएकी रचनाले त्यतिबेला क्रिकेटले आफ्नो जीवन नै बदलिदिन्छ भन्ने कल्पनासमेत गरेकी थिइनन्। तर निरन्तर अभ्यास, मिहेनत र समर्पणले उनलाई राष्ट्रिय टोलीसम्म पु¥यायो। आज उनी नेपाल क्रिकेट सङ्घ (क्यान) को केन्द्रीय सम्झौताअन्तर्गत आबद्ध रहँदै आफ्नो छुट्टै पहिचान बनाउन सफल भएकी छन्। मलेसियामा सम्पन्न आइसिसी यु–१९ महिला टी–२० विश्वकपमा नेपालको प्रतिनिधित्व गर्ने अवसरलाई उन आफ्नो जीवनको सबैभन्दा महत्वपूर्ण उपलब्धिमध्ये एक मान्छन्।

गण्डकी प्रदेशकी अर्की खेलाडी सिर्जना पौडेलको अनुभव पनि महिला सशक्तीकरणसँग जोडिएको छ। व्यावसायिक क्रिकेट खेल्दै मासिक पारिश्रमिक प्राप्त गरिरहेकी पौडेलका लागि क्रिकेट केवल खेल होइन, आत्मविश्वास आत्मनिर्भरता र स्वतन्त्रताको माध्यम हो। उनी भन्छन्, 'जब म मैदानमा ब्याट समातेर उभिन्छु, मलाई लाग्छ यो केवल काठको टुक्रा होइन, मेरो आत्मविश्वासको आधार हो। हिजो 'छोरी भएर घरभित्र बस' भन्ने समाजले आज हाम्रो चौका र छक्कामा ताली बजाइरहेको छ।'

स्याङ्जाकी खेलाडी सिमाना केसीको अनुभवले पनि महिला क्रिकेटमा आएको परिवर्तनलाई पुष्टि गर्छ। सन् २०२० देखि क्रिकेट खेल्न थालेकी केसी अहिले बिबिए अध्ययनसँगै सिनियर क्रिकेट टिममा सक्रिय हुन्। आइसिसी यु १९ टोलीमा छनोट हुँदा निकै खुसी लागेको क्षणसँगै अहिले सिनियर टिममा रहेर हालै मात्र मलेसियामा भएको एसिया प्रिमियर कपको अनुभव बटुलेर फर्केका छन्। राष्ट्रिय टिमबाट मासिक पारिश्रमिक बुझेर खेल्दै आएकी केसी भन्छिन्, 'खेलकुद अब आत्मनिर्भर बन्ने माध्यम पनि बन्दै गएको छ, यसले आत्मविश्वास र सशक्तीकरण यात्रामा थप हौसला मिलेको छ।'

स्याङ्जाकै कुशुम गोदार पनि व्यावसायिक खेलमैदानमा छिन्। गण्डकी प्रदेशबाट पारिश्रमिक बुझेर खेल्दै आएकी गोदार यतिबेला नयाँ खेलाडीलाई प्रोत्साहन गर्न व्यस्त हुन्। इच्छाशक्ति र आत्मविश्वासका साथ आउनसके क्रिकेटले आफ्नो पहिचानसहित आत्मनिर्भरको बाटो समेत तय गर्ने धारणा राख्ने गोदारले आत्मविश्वास बढ्दा जस्तै चुनौतीलाई पार लगाउनसक्ने क्षमता खेलबाट बटुलेको सुनाइन्।

नेपाल महिला क्रिकेटको यात्रालाई नजिकबाट नियालेकी नेपाल महिला राष्ट्रिय क्रिकेट टोलीकी पहिलो कप्तान नेरी थापाले विगत र वर्तमानबीचको ठूलो अन्तर अनुभव गरेकी छन्। 'आज महिला क्रिकेटले जुन उचाइ प्राप्त गरेको छ, त्यसको यात्रा सहज थिएन। म क्रिकेटमा आउँदा महिलाको सहभागिता निकै न्यून थियो। क्रिकेट खेल्ने छोरीलाई समाजले सहज रूपमा स्वीकार्दैनथ्यो। 'ब्याट र बल बोकेर केटाजस्तो हिँड्छे' भन्ने टिप्पणीहरू सुन्नुपथ्र्यो,' थापा सम्झन्छिन्। देशको पहिलो महिला राष्ट्रिय टोलीको कप्तानी गर्ने अवसरलाई नेपाली महिला क्रिकेटको इतिहासमा एउटा महत्वपूर्ण अध्यायको रुपमा लिएको उनको भनाइ छ।

गण्डकी प्रदेश क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले करिब डेढ दशकअघिको समय स्मरण गर्दै भन्छन्। '२०६८ सालतिर छोरीलाई क्रिकेट खेल्न पठाउन अभिभावकहरू तयार हुँदैनथे। 'मेरो छोरीको जिम्मा कसले लिन्छ ?' भन्ने प्रश्न बारम्बार आउँथ्यो। राष्ट्रिय प्रतियोगितामा पठाउन अभिभावकले स्वीकृति नदिदा निकै समस्या हुन्थ्यो। आज भने अवस्था फेरिएको छ। अभिभावकहरू आफैँ छोरीहरूलाई क्रिकेट प्रशिक्षणका लागि एकेडेमीमा पु¥याउन थालेका छन्। उनले नेपाल क्रिकेट सङ्घ (क्यान) ले महिला खेलाडीहरूलाई मासिक पारिश्रमिक उपलब्ध गराउन थालेपछि क्रिकेटप्रतिको आकर्षण पनि बढ्न थालेको बताए।

सिग्देलका अनुसार नेपालभर करिब ३० जिल्लामा महिला क्रिकेट गतिविधि सञ्चालन भइरहेको छ। झण्डै ४५० देखि ५०० जना महिला खेलाडी सक्रिय रूपमा क्रिकेटमा आबद्ध छन्। प्रदेशस्तरमा करिब १५० जना खेलाडी प्रतिस्पर्धामा छन् भने राष्ट्रियस्तरमा करिब ३० महिला खेलाडीले नियमित रूपमा प्रतिनिधित्व गरिरहेका छन्। विभिन्न उमेर समूह र सिनियर तहमा सात प्रदेशका १४–१५ वटा टोली राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गरिरहेका छन्।

पहिले क्रिकेट खेल्दा भविष्य देखिँदैन भन्ने धारणा बदलिदै अहिले खेलाडीहरूले खेललाई पेशाका रूपमा हेर्ने वातावरण बने पनि महिला क्रिकेटको विकासका लागि अझै पनि चुनौतीहरू बाँकी रहेको प्रशिक्षक दिपेश खत्रीको अनुभव छ। 'देशका धेरै जिल्लामा महिलामैत्री खेल पूर्वाधारको अभाव छ। निजी क्षेत्रको लगानी र स्पोन्सरसिप पनि अपेक्षाकृत न्यून छ,' उनी भन्छन्, 'सहरी क्षेत्रमा अवसर बढे पनि ग्रामीण तथा दुर्गम क्षेत्रका प्रतिभाशाली छोरीहरू अझै अवसरबाट वञ्चित छन्। खेलाडीहरूको सामाजिक सुरक्षा र खेल जीवनपछिको रोजगारी सुनिश्चित गर्न स्पष्ट नीति आवश्यक छ।'

नेपाली महिला क्रिकेटको वर्तमान अवस्थालाई हेर्दा आफूलाई गर्व लाग्ने बताउछन् पूर्वराष्ट्रिय क्रिकेट कप्तान तथा नेपालमा महिला क्रिकेटका प्रणेता लेखबहादुर क्षेत्री। आज महिला क्रिकेटले प्राप्त गरेको सफलता एक दिनको उपलब्धि नभई दुई दशकभन्दा लामो सङ्घर्ष, धैर्य र समर्पणको परिणाम भएको उनको बुझाइ छ। 'आज महिला क्रिकेट जुन स्थानमा पुगेको छ, त्यो सहजै प्राप्त भएको होइन, नेरी थापा, सीता राना मगर, रुबिना क्षेत्री, पूजा महतो, इन्दु बर्मालगायतका खेलाडीहरूले गरेको सङ्घर्ष, त्याग र समर्पणका कारण नेपाली महिला क्रिकेटले आज अन्तरराष्ट्रियस्तरमा आफ्नो उपस्थिति बलियो बनाएको हो।'

नेपाली महिला क्रिकेटको इतिहास सम्झँदा सन् २००७ मा मलेसियाको जोहोरमा आयोजित पहिलो एसिसी महिला च्याम्पियनसिप विशेष महत्व रहेको क्षेत्री बताउछन्। 'नेपालले पहिलोपटक अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएर उपविजेता बन्न सफल भएको थियो। त्यो उपलब्धिले नेपाली महिला क्रिकेटको सम्भावना अन्तरराष्ट्रिय समुदायसामु चिनाएको थियो।' क्षेत्री सम्झनुहुन्छ, '२०६१ सालतिर बाँकेको कोहलपुरमा महिला क्रिकेटका गतिविधि सुरु गर्दा खेलाडी जुटाउनै कठिन हुन्थ्यो। सामाजिक सोच, पूर्वाधारको अभाव र सीमित अवसरका बीच छोरीहरुले ठूलो सपना बोकेर मैदानमा आउँथे। उनीहरूको आत्मविश्वास र साहस देख्दा एक दिन महिला क्रिकेटले अवश्य सफलता पाउने विश्वास जाग्थ्यो।'

उनका अनुसार सन् २०१० देखि २०१५ सम्म महिला क्रिकेट लगभग ठप्पजस्तै भयो। प्रतियोगिता कम भए, खेलाडीहरू पलायन भए र विकासको गति सुस्तायो, यसले नयाँ खेलाडी उत्पादनमा समस्या भयो। सन् २०१७ पछि भने महिला क्रिकेटले पुनः नयाँ गति लिन थाल्यो। राष्ट्रिय खेलकुद परिषद्, क्यान र विभिन्न सरोकारवालाको पहलमा प्रधानमन्त्री कपलगायतका राष्ट्रिय प्रतियोगिताले महिला क्रिकेटलाई पुनर्जीवित ग¥यो। क्यानले महिला क्रिकेटलाई दीर्घकालीन दृष्टिकोणका साथ अगाडि बढाउन थालेपछि खेलाडी उत्पादन, प्रशिक्षण र अन्तरराष्ट्रिय सहभागितामा उल्लेखनीय सुधार आएको उनको भनाइ छ।

आज नेपाली महिला क्रिकेटले यू–१९, एसिया कप हुँदै विश्व कपसम्मको यात्रा तय गरिसकेको छ। 'हिजो अन्तरराष्ट्रिय प्रतियोगिता खेल्नु नै ठूलो उपलब्धि थियो, आज विश्वकप र एसिया कपमा प्रतिस्पर्धा गर्ने स्तरमा पुग्नु नेपाली महिला क्रिकेटको ऐतिहासिक फड्को हो,' उनले महिला क्रिकेटको अर्को महत्वपूर्ण उपलब्धि आर्थिक आत्मनिर्भरता पनि भएको बताउछन्। 'एक समय खेलाडीहरूले आफ्नै खर्चमा खेल्नुपथ्र्यो।

आज क्यानको केन्द्रीय र प्रदेशसम्झौतामा रहेर खेलाडीहरूले पारिश्रमिक पाउन थालेका छन्। यसले क्रिकेटलाई पेसागत रूपमा अघि बढाउने वातावरण बनाएको छ। सामान्य परिवारबाट आएका धेरै छोरीहरूले आज क्रिकेटमार्फत आफ्नो परिचय र भविष्य निर्माण गर्न तल्लिन छन्।' यद्यपि चुनौतीहरू अझै बाँकी रहेको उनको भनाइ छ। 'अहिले पनि धेरै जिल्लामा गुणस्तरीय मैदान, प्रशिक्षक, नियमित प्रतियोगिता र निजी क्षेत्रको लगानीको अभाव छ। ग्रामीण भेगका धेरै प्रतिभाशाली छोरीहरू अवसरको पहुँचभन्दा बाहिर छन्। उनीहरूलाई पहिचान गरी राष्ट्रिय प्रणालीमा जोड्नु आवश्यक छ,' उनले जोड दिए।

आगामी अन्तर्राष्ट्रिय प्रतियोगितालाई लक्षित गर्दै क्षेत्रीले अहिलेदेखि नै तयारीमा जुट्नुपर्ने आवश्यकता औंल्याए। 'नेपालले अब सहभागिता मात्र होइन, प्रतिस्पर्धात्मक सफलता हासिल गर्ने लक्ष्य राख्नुपर्छ। त्यसका लागि जिल्ला र प्रदेशस्तरबाट प्रतिभा पहिचान, नियमित प्रतियोगिता, वैज्ञानिक प्रशिक्षण र दीर्घकालीन योजना आवश्यक छ। आज लगानी गरिएका किशोरी खेलाडीहरू नै भोलि नेपालको अन्तर्राष्ट्रिय सफलताका आधार बन्नेछन्,' एउटा कठिन यात्राबाट आफ्नो गौरवमय पहिचान बनाउन सफल महिला खेलाडीको प्रत्येक ब्याटको प्रहारसँगै उनीहरुको आत्मविश्वास अझ बलियो बन्दै गएको छ। यही आत्मविश्वास, सङ्घर्ष र सफलताको यात्राले समतामूलक, समावेशी र सशक्तीकरणको आधार निर्माण गरिरहेको छ।

## रास्वपा महाधिवेशनः

# ५० करोडभन्दा बढीको व्यापार



**चितवन ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पहिलो महाधिवेशनका कारण चितवन र आसपासमा रु ५० करोडभन्दा बढीको कारोबार भएको अनुमान गरिएको छ । झण्डै एक साता देशभरबाट प्रतिनिधि, परिवेक्षक र शुभेच्छुकले जिल्लाका होटल, रेष्टुरेण्ट र पर्यटकीय क्षेत्रहरु चलायमान भएका थिए । गत आइतबार उद्घाटन भएको महाधिवेशन शुक्रबार समापन हुँदैछ । शनिबारदेखि नै प्रतिनिधि, परिवेक्षकहरुले यहाँका होटलहरु भरिन थालेका थिए ।

आवास तथा खाना व्यवस्थापन उपसमितिका संयोजक राजन गौतमका अनुसार एक सातामा रु ५० करोडभन्दा माथिको व्यापार भएको बताउँछन् । उद्योग वाणिज्य संघ चितवनका पूर्वअध्यक्ष समेत रहेका गौतम झण्डै रु २० करोड आबासमा प्रतिनिधि, परिवेक्षक र शुभेच्छुकले खर्च गरेको बताए । एकै दिन २० हजार जनासम्म चितवनमा बसेको उनको भनाइ छ । महाधिवेशनको उद्घाटन र त्यसको भोलिपल्ट ठूलो संख्यामा रास्वपा समर्थकहरु जिल्लामा आएको गौतमले बताए । अन्य दिनमा क्रमशः घट्दै गएको भन्दै उनले यसको प्रत्यक्ष लाभ भरतपुरलाई परेको बताए ।

सौराहालगायतका पूर्वी क्षेत्रका होटल र नवलपरासीको गैंडाकोटका होटलसम्म प्रतिनिधिहरु बसेको उनले बताए ।

आवासको व्यवस्था प्रतिनिधि स्वयंले गर्नुपर्ने हुन्थ्यो भने चार दिन खानाको व्यवस्था पार्टीले गरेको थियो । अघि पछि र अनुकूलको खाना प्रतिनिधिहरुले आफैं खाएका थिए । पार्टीको मात्र रु चार करोडभन्दा बढी खर्च हुने भन्दै उनले यहाँका सबै क्षेत्र एक साता चलायमान भएको बताए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी निरीक्षक अनिल थापाका अनुसार दुई हजार २०० हाराहारी साना ठूला गाडी बाहिरबाट आएका छन् । उद्योग वाणिज्य सङ्घ चितवनका वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओली झण्डै एक साता जिल्ला चलायमान भएको बताए । होटल रेष्टुरेण्ट भरिदाँ यसले अन्य क्षेत्रलाई चलायमान बनाउने उनले बताए ।

दुग्ध जन्य पदार्थ, माछा, मासु, अण्डा, फलपूmल जस्ता कृषि जन्य उत्पादनको राम्रो खपत भएको उनले बताए । उनले भने, 'मूख्य रुपमा भरतपुरको आर्थिक चक्रमा राम्रो प्रभाव परेको छ ।' क्षेत्रीय होटल सङ्घ चितवनका अध्यक्ष ओम पाण्डे भरतपुरका होटलहरुले राम्रो व्यापार पाएको बताउँछन् । त्यसपछिको व्यपार सौराहालगायतका क्षेत्रमा भएको उनको भनाइ छ । पहिलो पटक जिल्लामा आएका रास्वपाका नेता कार्यकर्ताले पर्यटकीय गन्तव्यहरु हेर्ने अवसर पाएको उनको भनाइ छ ।रासस

## राष्ट्रियसभाः

# न्यून दृष्टियुक्त नागरिकको उचित सम्बोधन गर्न माग

# जनसरोकारका विषयमा सरकारको ध्यानाकर्षण

**काठमाडौँ ।**
राष्ट्रियसभा सदस्य पदम परियारले सहरका विभिन्न स्थानमा पुगेर साङ्गीतिक प्रस्तुती दिएर आफ्नो जीविका चलाउँदै आएका न्यून दृष्टियुक्त नागरिकको सम्मान गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । सभाको शुक्रबारको बैठकको विशेष समयमा धारणा राख्दै उनले न्यून दृष्टियुक्त नागरिकलाई सरकारी संयन्त्रले विभिन्न स्थानबाट पक्राउ गरेकामा आपत्ति प्रकट गर्दै काम गरी खान पाउने वातावरण तयार पार्न आगह गरे ।

न्यून दृष्टियुक्त नागरिकले आफ्ना माग सम्बोधन गर्न माग गर्दै माइतीघर मण्डलामा असन्तुष्टि व्यक्त गर्दै आएको जानकारी दिँदै उनले ती समुदायको मानव अधिकारको सम्मान गर्नु अनुरोध गरे । उनले सम्बोधन भइसकेका राजनीतिक मुद्दामा कोही कसैले पनि हाल हाल्न नहुने धारणा राखे ।

- **वीरगंज चिनी कारखाना सञ्चालनमा ल्याउन माग**

सांसद उर्मिला अर्यालले वीरगंज चिनी कारखानालगायतका अन्य उद्योग सञ्चालनमा ल्याउन सरकारको ध्यानाकर्षण गराइन् । देशव्यापी रुपमा चिनीको माग बढ्दै गएको, आन्तरिक उत्पादन कम रहेको, कालोबजारी हुने गरेको तथ्य पेश गर्दै उनले समयमै उचित प्रबन्ध गर्न माग गरिन् । किसानलाई उखुको उचित मूल्य दिन सकेको खण्डमा चिनी उद्योग विस्तार हुन सक्ने र समग्रमा आर्थिक समृद्धिमा योगदान हुने उनको धारणा छ ।

ऊखु र चिनीको कूल ग्राहस्थ्य उत्पादनमा एक प्रतिशतको योगदान रहेको तथा एक लाख नागरिक प्रत्यक्ष रोजगारीमा संलग्न रहेको तथ्य पेश गर्दै सांसद अर्यालले नेपालको धरोहरको रुपमा रहेको वीरगंज चिनी कारखानालाई बहुउद्देश्यीय बनाइ सञ्चालनमा ल्याउन माग गरिन् ।

सांसद रामकुमारी झाँक्रीले भूतप्रभावी कानुन बनाएर नागरिकलाई राज्यले कारबाही गर्ने तरिका राम्रो नभएको धारणा राखिन् । सडकमा गीत सङ्गीत प्रस्तुत गरेर जीवीकोपार्जन गर्दै आएका नागरिकलाई पक्राउ गर्ने सरकारको कार्य गलत भएको उनले तर्क गरिन् ।

सांसद झाँक्रीले बहालवाला न्यायाधीशको संयोजकत्वमा न्यायिक समिति गठन गरेर गत भदौ २३ र २४ गतेको आन्दोलनको छानबिन गर्न माग गरिन् । सांसद पुजा चौधरीले तराई मधेसका विभिन्न जिल्लामा अनियन्त्रित रुपमा भूमिगत पानीको दोहन भइरहेका तथ्य पेस गर्दै पानीको उचित प्रबन्ध गर्न माग गरिन् । देशभरका विभिन्न स्थानमा रहेका भूमिहिन सुकुमवासी, अव्यवस्थित बसोबासीको उचित प्रबन्ध गर्न र माग सम्बोधन गर्नुपर्नेमा उनले जोड दिइन् ।



- **जनसरोकारका विषयमा सरकारको ध्यानाकर्षण**

राष्ट्रियसभाको शुक्रबारको बैठकमा सांसदहरुले जनसरोकारका विभिन्न विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । शुक्रबारको बैठकको शून्य समयमा राष्ट्रियसभा सदस्य कृष्णबहादुर रोकायाले २०८० साल कात्तिकमा गएको भूकम्पका कारण प्रभावित जाजरकोट र रुकुमपश्चिमको ग्रामीण बस्तीहरुमा हालसम्म सुरक्षित आवास निर्माण हुन नसकेकामा सरकारको ध्यानाकर्षण गराए । उनले तत्काल आवास निर्माण प्राक्रियालाई गति दिन माग गरे । यस्तै, सांसद घनश्याम रिजालले इन्धनको मूल्यवृद्धिका कारण विकास निर्माण प्रभावित भएकाले तत्काल मूल्य समायोजन गरी सहज वातावरण बनाउन माग गरे । सांसद पदमबहादुर परियारले न्यून दृष्टियुक्त व्यक्तिको माग सम्बोधन गरी पुनःस्थापनाको कार्यक्रम अगाडि बढाउनुपर्नेमा जोड दिए । सांसद विष्णुदेवी पुडासैनीले आम नागरिक प्रभावित हुने गरी शिक्षा र स्वास्थ्यमा कर लगाउन नहुने धारणा राखिन् ।

- **सुकुम्बासीको उचित प्रबन्ध गर्न माग**

सांसद रेणु चन्दले सुकुम्बासी समुदायको उचित प्रबन्ध गर्न र मानव अधिकारको सम्मान गर्न आग्रह गरिन् । सांसद विष्णुकुमारी सापकोटाले होल्डिङ सेन्टरमा रहेका सुकुम्बासीलाई बाहिर पठाउने सरकारको कार्य गलत भएको टिप्पणी गरिन् ।

सांसद विष्णुबहादुर विश्वकर्माले सुकुम्बासी समुदायको उचित प्रबन्ध गर्न र उनीहरुलाई संवैधानिक हक अनुसार बसोबासको प्रबन्ध गर्न माग गरे । सांसद श्रीकृष्ण अधिकारीले सुकुम्बासीलाई आफ्नो बस्तीबाट हटाएर होल्डिङ सेन्टरमा राखिसकेपछि उचित प्रबन्ध बिना तत्काल अन्यत्र जाँउ भन्ने सरकारको शैली राम्रो नभएको तर्क गरे । सांसद सावित्री मल्लले पनि सुकुम्बासीलाई मानवोचित व्यवहार गर्न र उनीहरुको मानवअधिकारको सम्बोधन गर्न माग गरिन् ।रासस

# २३ वर्षीया आकाङ्क्षा बनिन्

# रास्वपाको केन्द्रीय सदस्य

**चितवन ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम महाधिवेशनले चितवनकी २३ वर्षीया आकाङ्क्षा पोखरेललाई केन्द्रीय सदस्यमा निर्वाचित गरेको छ । जिल्लामा दुई वर्ष पत्रकारिता गरेकी पोखरेल हाल भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलको सचिवालयमा कार्यरत छिन् ।

भरतपुर निवासी पोखरेल बागमती प्रदेशको भूगोलतर्फबाट ८८० मत प्राप्त गरी केन्द्रीय सदस्य पदमा विजयी भएकी हुन् । रास्वपाको स्थापनाकालदेखि नै सक्रिय रहँदै आएकी पोखरेलले यसअघि पार्टीको भरतपुर महानगर सदस्य र महानगर कोषाध्यक्षको जिम्मेवारी सम्हालिसकेकी छन् । केन्द्रीय सदस्य पदमा निर्वाचित भएपछि सङ्क्षिप्त प्रतिक्रिया दिँदै उनले नेपालका प्रमुख राजनीतिक दलहरुमा सम्भवतः सबैभन्दा कम उमेरको पहिलो केन्द्रीय सदस्यका रुपमा आफू निर्वाचित भएको दाबी गरिन् ।

'जेनजी' पुस्ताको अपेक्षाअनुसार पार्टीलाई अगाडि बढाउन सक्दो प्रयास गर्ने उल्लेख गर्दै युवा नेत्री पोखरेलले भनिन्, मुलुकको सबैभन्दा ठूलो पार्टीको केन्द्रीय सदस्यमा विजयी भएसँगै आफ्नो जिम्मेवारी बढेको छ । यस अवसरमा मलाई विश्वास गरी मतदान गर्नुहुने सम्पूर्ण महाधिवेशन प्रतिनिधिसहित रास्वपाका नेता तथा कार्यकर्ता एवं शुभचिन्तक सबैलाई धन्यवाद भन्न चाहन्छु ।रासस

# स्थानीयको भावनाअनुरुप विभिन्न विषय र सङ्काय थप गर्छौंः मन्त्री पोखरेल

काठमाडौँ ।
शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सुदुरपश्चिम विश्वविद्यालय टीकापुर आङ्गिक क्याम्पसको अतिक्रमित जग्गा प्रयोगमा ल्याइने गरी काम अघि बढेको बताएको छ । सुदूरपश्चिम विश्वविद्यालयको दीक्षान्त समारोहमा उहाँले टीकापुर क्याम्पसको अतिक्रमणमा परेको ३०० बिघा जमिन प्रयोगमा ल्याउन काम सुरु भइसकेको स्पष्ट पारेका छन् ।



मन्त्री पोखरेलले विश्वविद्यालयको दीक्षित हुने संख्या विगतको तुलनामा दोब्बर बढेकामा सराहना गरेका छन् । यसअघि एक हजार ३०० विद्यार्थी दीक्षित हुनुभएको रहेछ, उनले भने, अहिले दुई हजार ४०० भन्दा बढी विद्यार्थी दीक्षित भएको छ । मन्त्री पोखरेलले स्थानीयको भावनाअनुरुप विभिन्न विषय र सङ्काय थप गरिने बताउँदै मन्त्री पोखरेलले भने, विश्वविद्यालयबाट प्राप्त ज्ञान र सीप दैनिक जीवनमा प्रयोग गर्नुस ।

विश्वविद्यालयका छ वटै सङ्कायका स्नातक, स्नातकोत्तर, एमफिल र पीएचडी तहका विद्यार्थी एकैपटक दीक्षित भएको विश्वविद्यालयले जनाएको छ ।

त्यस अवसरमा उत्कृष्ट नतिजा हासिल गर्ने विभिन्न छात्रछात्रालाई चान्सलर, भाइस चान्सलर, स्वर्ण पदक तथा डिन पदक प्रदान गरियो ।

परीक्षा नियन्त्रण कार्यालयका अनुसार चान्सलर पदक व्यवस्थापन सङ्कायका निशान्त चन्द र भाइस चान्सलर पदक कृषि विज्ञान सङ्कायका कैलाशराज भट्टले प्राप्त गरेको छ ।

उक्त विश्वविद्यालयबाट यसपटक विद्यावारिधि (पीएचडी) गर्ने पहिलो महिला छात्राका रूपमा डा तुलसीकुमारी शर्मासमेत दीक्षित भएको छ ।रासस

## 'लागुऔषधको ओसारपसार र दुरुपयोग रोक्न

# सबै संरचना परिचालन गर्छौं': गृहमन्त्री

**काठमाडौं ।**
गृहमन्त्री सुधन गुरुङले लागुऔषधलाई गम्भीर सामाजिक चुनौतीका रूपमा लिँदै सरकारले 'लागुऔषधको अन्त्यको सुरुआत गर्ने अभियान' सञ्चालन गर्ने नीति अवलम्बन गरेको बताएका छन् । अन्तरराष्ट्रिय लागुऔषध नियन्त्रण तथा ओसारपसारविरुद्धको दिवसका अवसरमा शुक्रबार जारी शुभकामना सन्देशमा उनले लागुऔषधको ओसारपसार र दुरुपयोगसँग सम्बन्धित आपराधिक सञ्जाल भत्काउन राज्यका सबै संयन्त्र परिचालन गरिने बताएका हुन् ।

'अन्तरनिकाय समन्वयलाई अझ प्रभावकारी बनाइनेछ र आवश्यक कानुनी सुधारका कामलाई निरन्तरता दिइनेछ,' गृहमन्त्री गुरुङले सन्देशमा उल्लेख गरेका छन् । उनले लागुऔषधको ओसारपसार र दुरुपयोग केवल सामाजिक विकृति मात्र नभई राष्ट्रिय सुरक्षा, जनस्वास्थ्य र आर्थिक समृद्धिमा समेत गम्भीर असर पार्ने सीमापार सङ्गठित अपराध भएकाले यसको नियन्त्रणका लागि सबै पक्षको सहकार्य अपरिहार्य रहेको बताए ।

गृहमन्त्री गुरुङले लागुऔषध दुव्र्यसनमुक्त समाज निर्माणका लागि रोकथाम, नियन्त्रण, उपचार तथा दुव्र्यसनीको पुनःस्थापनालाई गृह मन्त्रालयले उच्च प्राथमिकतामा राखेको पनि उल्लेख गरेका छन् । 'यो चुनौती सरकारको एक्लो प्रयासबाट समाधान हुन सक्दैन,' उनले भने, 'स्थानीय समुदाय, नागरिक समाज, सञ्चारमाध्यम र विशेषगरी युवापुस्तालाई सकारात्मक जीवनशैलीतर्फ प्रेरित गर्न सबै पक्षको साझेदारी आवश्यक छ ।'

यसैबीच, दिवसका अवसरमा गृह मन्त्रालयमा आयोजित कार्यक्रममा गृहसचिव राजकुमार श्रेष्ठले लागुऔषधको उत्पादन, वितरण र उपभोगको सम्पूर्ण शृङ्खला तोड्ने रणनीतिअनुसार काम भइरहेको बताए । 'उत्पादनमै रोक्न सकियो भने त्यसपछिको असर स्वतः कम हुन्छ । वितरण रोक्न सकियो भने प्रयोगकर्तासम्म पुग्दैन, र प्रयोगकर्तालाई दुव्र्यसनबाट बाहिर



ल्याउन सकियो भने त्यो ठूलो उपलब्धि हुनेछ,' उनले भने ।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले नेपालमा प्रत्येक वर्ष औसत चार हजार लागुऔषधसम्बन्धी मुद्दा दर्ता हुने र करिब आठ हजार अभियुक्त पक्राउ पर्ने गरेको जानकारी दिए । उनका अनुसार चालु आर्थिक वर्षको हालसम्म ५ हजार ४७ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता भएका छन् । ती मुद्दामा ७ हजार ७२५ नेपाली, ३२८ भारतीय र १५ अन्य विदेशी नागरिक गरी कुल ८ हजार ६८ जनालाई पक्राउ गरिएको छ ।

सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले लागुऔषधलाई राष्ट्रिय सुरक्षा, सामाजिक स्थायित्व, आर्थिक समृद्धि र भावी पुस्ताको भविष्यसँग जोडिएको बहुआयामिक चुनौतीका रूपमा व्याख्या गरे । उनले सीमापार अवैध ओसारपसार, सङ्गठित आपराधिक समूहको सक्रियता र आधुनिक प्रविधिको दुरुपयोगले समस्या झन् जटिल बन्दै गएको उल्लेख गर्दै सीमामा निगरानी र नियन्त्रणलाई थप प्रभावकारी बनाइएको बताए ।

लागुपदार्थ प्रयोगकर्ता सर्वेक्षणअनुसार सन् २००६ मा नेपालमा लागुऔषध प्रयोगकर्ताको संख्या ४६ हजार ३०९ रहेकोमा सन् २०२४ सम्म आइपुग्दा यो संख्या करिब एक लाख ५६ हजार पुगेको अनुमान गरिएको छ ।

कार्यक्रममा लागुऔषध दुव्र्यसनबाट प्रभावित व्यक्तिको उपचार तथा पुनःस्थापनामा योगदान पु¥याउने विभिन्न सङ्घसंस्थालाई सम्मान गरिएको थियो । सोही अवसरमा गृह मन्त्रालयद्वारा प्रकाशित 'सुरक्षित जीवन' जर्नलको पनि विमोचन गरिएको थियो ।रासस

# विरोध र आलोचना लोकतन्त्रको सुन्दर पक्ष होः मुख्यमन्त्री

**विराटनगर ।**
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विरोध र आलोचना लोकतन्त्रको सुन्दर पक्ष रहेको बताएका छन् ।

नेपाल पत्रकार महासंघ कोशी प्रदेशद्वारा शुक्रबार आयोजित 'कोशी मिडिया सम्मेलन' को उद्घाटन गर्दै उनले लोकतन्त्रलाई बलियो बनाउन र नागरिक अधिकार स्थापित गर्न सञ्चारकर्मीहरुले सत्य र तथ्यको आधारमा सशक्त रुपमा अघि बढ्नु पर्ने धारणा राखे ।

उनले आगामी साउन १ गतेदेखि कोशी प्रदेश सरकारले सबैलाई विज्ञापनको हक र अधिकार दिने भन्दै प्रेस क्षेत्रलाई उपेक्षा गरेर नागरिक स्वतन्त्रता स्थापित हुन नसक्ने कुरामा जोड दिए ।

उनले लोकतन्त्र मुलुकको संस्कृति भइसकेकाले यसलाई कसैले पनि सखाप पार्न नसक्ने जिकिर गर्दै जनताको भाव र विद्रोहबाट स्थापित लोकतन्त्रमा प्रेस जगत मर्यादित हुनु पर्ने बताए । मुख्यमन्त्री कार्कीले आगामी साउनदेखि बजेट एवं कार्य विधिका साथ सञ्चार प्रतिष्ठान गठन हुने जानकारी दिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय अध्यक्ष विष्णु निष्ठुरी, डा महेन्द्र विष्ट र शिव गाउँलेलाई सम्मान गरिएको थियो ।

महासङ्घका महासचिव रामप्रसाद दाहालले 'पत्रकार आचार संहिता र मर्यादित पत्रकारिता' तथा महासङ्घका कोशी प्रदेशका पूर्वअध्यक्ष मोहन काजीले 'कोशी प्रदेशका पत्रकारहरुको अवस्था' विषयक कार्यपत्र प्रस्तुत गरेका थिए ।रासस

# जलवायु परिवर्तनले बढायो युरोपको गर्मी




**पेरिस ।**
युरोपमा यस वर्ष देखिएको रेकर्डस्तरको गर्मीको लहर मानवसिर्जित जलवायु परिवर्तनकै प्रत्यक्ष परिणाम भएको वैज्ञानिकहरूले निष्कर्ष निकालेका छन् । वैज्ञानिकहरूका अनुसार ५० वर्षअघि जुन महिनामा यस्तो अत्यधिक गर्मी आउनु लगभग असम्भव थियो, तर जलवायु परिवर्तनका कारण अहिले यस्ता उष्ण लहरहरू बारम्बार र अझ खतरनाक बन्दै गएका छन् । विश्व मौसम एट्रिब्युसन समूहले शुक्रबार सार्वजनिक गरेको अध्ययनमा युरोप, अमेरिका र बेलायतका वैज्ञानिकहरूले हालको उष्ण लहरको विश्लेषण गरेका छन् ।
अध्ययनअनुसार सन् १९७६ मा यस्तै प्रकारको गर्मीको लहर आएको भए तापक्रम अहिलेको तुलनामा करिब ३.५ डिग्री सेल्सियस कम हुने थियो ।
अध्ययनका प्रमुख लेखक तथा इम्पेरियल कलेज लन्डनका वैज्ञानिक थियोडोर किपिङले वर्तमान तापक्रम वृद्धि जलवायु परिवर्तनबिनाको अवस्थामा सम्भव नहुने बताए । उनका अनुसार अहिले पृथ्वी पूर्वऔद्योगिक कालको तुलनामा करिब १.४ डिग्री सेल्सियस तातिसकेको छ, जसको मुख्य कारण कोइला, तेल र ग्यासजस्ता जीवाश्म इन्धनको अत्यधिक प्रयोग हो । वैज्ञानिकहरूका अनुसार जलवायु परिवर्तनले गर्मीको लहर, खडेरी तथा अन्य चरम मौसमी घटनालाई अझ तीव्र र बारम्बार बनाइरहेको छ । त्यसैले तापक्रम वृद्धिलाई सीमित गर्नु विश्व समुदायका लागि अत्यन्त आवश्यक रहेको उनीहरूको भनाइ छ ।
विश्वमै सबैभन्दा तीव्र रूपमा तातिरहेको महाद्वीप युरोपमा यस साता लाखौँ मानिसहरूले अत्यधिक गर्मीको सामना गरेका छन् । केही देशहरूमा तापक्रमले नयाँ कीर्तिमानसमेत कायम गरेको छ । विश्व मौसम एट्रिब्युसनका सहसंस्थापक फ्रेडेरिक ओटोले असामान्य मौसम प्रणालीभन्दा पनि मानवसिर्जित तापक्रम वृद्धिले अहिलेको अवस्था सिर्जना गरेको बताए ।
उनका अनुसार विगतमा यस्ता तापक्रम अत्यन्त दुर्लभ मानिन्थे । वैज्ञानिकहरूले सन् २००३ को विनाशकारी युरोपेली गर्मीको लहरसँग पनि अहिलेको अवस्थाको तुलना गरेका छन् । त्यतिबेला युरोपका विभिन्न देशमा दशौँ हजार मानिसको मृत्यु भएको थियो । अध्ययनअनुसार अहिलेको गर्मी सन् २००३ को तुलनामा पनि अझ बढी चरम देखिएको छ ।
सन् २००३ मा यस्तै घटना घटेको भए तापक्रम करिब २ डिग्री सेल्सियस कम हुने अध्ययनले देखाएको छ । त्यसबेला यति उच्च तापक्रम निकै दुर्लभ हुने र रातिको अत्यधिक गर्मीको सम्भावना पनि अहिलेको तुलनामा धेरै कम हुने वैज्ञानिकहरूले बताएका छन् । अध्ययनले पछिल्ला दुई दशकमै तीव्र गर्मीका घटनाहरू दसौँदेखि सयौँ गुणासम्म बढेको देखाएको छ । वैज्ञानिकहरूका अनुसार जलवायु परिवर्तन यसका लागि स्पष्ट रूपमा जिम्मेवार छ । एल निनो जस्ता प्राकृतिक मौसमी चक्रले यसपटकको तातो लहरमा महत्त्वपूर्ण भूमिका नखेलेको पनि अध्ययनले उल्लेख गरेको छ ।
फ्रेडेरिक ओटोले अत्यधिक तापक्रम र आद्र्रताको संयोजनबाट उत्पन्न हुने 'गर्मी तनाव' लाई विशेष चिन्ताको विषय बताए । शरीरको प्राकृतिक शीतलन प्रणाली असफल हुँदा चक्कर लाग्ने, टाउको दुख्ने, अङ्गहरूमा समस्या देखिने र मृत्युसम्म हुन सक्ने खतरा रहने उनले बताए ।
अध्ययनमा समेटिएका युरोपका करिब ८५० सहरमध्ये झन्डै ४५ प्रतिशतले जुन महिनामा आफ्नो इतिहासकै उच्च गर्मी तनावको रेकर्ड तोडेका छन् वा तोड्ने अवस्थामा पुगेका छन् । यसले अहिलेको गर्मीको लहरलाई विशेष रूपमा खतरनाक र असहज बनाएको वैज्ञानिकहरूको निष्कर्ष छ ।
यसअघि मे महिनामा पनि युरोपको मध्य तथा पश्चिमी क्षेत्रमा असामयिक गर्मीको लहर देखिएको थियो । यस वर्ष युरोपले छोटो अवधिमै दोस्रो पटक तीव्र गर्मीको सामना गरिरहेको छ ।
विश्व मौसम एट्रिब्युसन समूहले भविष्यमा अझ घातक तापक्रम वृद्धि र त्यसका असरबाट बच्न जीवाश्म इन्धनको प्रयोगलाई तीव्र रूपमा घटाउनु अपरिहार्य रहेको जनाएको छ । रासस

# पिँडालुखेतीबाट सन्तुष्ट बाँकेका किसान



**बाँके ।**
डुडुवा गाउँपालिका–६ बल्दीपुरुवाका नन्दराम मौरियाले व्यावसायिक रूपमा पिँडालुखेती गर्दै आएका छन् । यस वर्ष उनले झन्डै पाँचका जग्गामा पिँडालुखेती गरेका छन् । कम लगानीमा राम्रो प्रतिफल प्राप्त हुन थालेपछि उनी पिँडालुखेतीमा लागेका हुन् ।
मौरियाले भने, पिँडालुखेतीमा ठूलो लगानी आवश्यक पर्दैन । बीउ, मल र सिँचाइका लागि केही खर्च लाग्छ तर उत्पादन राम्रो भयो भने मेहनत खेर जाँदैन, उनले भने । हामीले वर्षौंदेखि पिँडालुखेती गर्दै आएका छौँ । यसबाट घरखर्च चलाउन सहयोग पुगेको छ र खेतीप्रति उत्साह पनि बढेको छ । मौरियाले बीउ रोपेको करिब पाँच महिनापछि उत्पादन बिक्रीका लागि तयार हुन्छ । त्यस अवधिमा खेतको नियमित हेरचाह, गोडमेल तथा सिँचाइ गर्नुपर्ने हुन्छ । पिँडालु लगाएर छोड्ने मात्र होइन, बीचबीचमा खेतको हेरचाह गरिरहनुपर्छ, उनले भने ।
उत्पादन भएको पिँडालु बिक्रीका लागि बजारसम्म लैजानुपूर्व नै धेरैजसो व्यापारी खेतमा पुग्ने गरेको उनले बताए । अहिले तरकारी व्यवसायी खेतमै आएर पिँडालु किनेर लैजानुहुन्छ, उनले भने । एकैपटक धेरै परिमाणमा बिक्री हुँदा किसानलाई सहज हुन्छ । खेतमै बिक्री भएपछि ढुवानीको खर्च पनि बच्ने गर्छ । उनका अनुसार खेतबाट बिक्री नभएको पिँडालु भने स्थानीय बजारसम्म पु¥याएर बिक्री गर्ने गरिएको छ । "कहिलेकाहीँ सबै उत्पादन खेतमै बिक्री हुँदैन, उनले भने । "त्यस्तो अवस्थामा आफैँ बजारसम्म लगेर बिक्री गर्नुपर्छ ।
त्यसका लागि केही समय र मेहनत बढी लागे पनि उत्पादन खेर जान दिँदैनौँ ।
नन्दराम मौरियाले गाउँमा सडक सञ्जाल विस्तार भएपछि कृषि उत्पादन बजारसम्म पु¥याउन धेरै सहज भएको अनुभव सुनाए । पहिले बाटो राम्रो थिएन । वर्षाको समयमा झन् समस्या हुन्थ्यो, उनले भने । उत्पादन बजारसम्म लैजान कठिन हुने भएकाले किसानले उचित मूल्य पनि पाउन सक्दैनथे । अहिले सडक पक्की भएपछि खेतमा उत्पादन भएको तरकारी, पिँडालु र अन्य कृषिउपज सजिलै बजारसम्म पुग्न थालेका छन् ।
पहिले किसानले बजार खोज्नुपथ्र्यो, उनले भने, अहिले व्यापारीहरू गाउँमा आउनुहुन्छ । मौरियाले पछिल्ला वर्षमा पिँडालुको बजार मूल्यमा आएको सुधारले किसानलाई थप हौसला मिलेको बताए । कृषकले उत्पादन गरेको वस्तुको मूल्य राम्रो पाउँदा खेती गर्ने उत्साह बढ्छ, उनले भने । मूल्य राम्रो भयो भने किसानले अर्को वर्ष थप क्षेत्रफलमा खेती गर्न चाहन्छन् ।
डुडुवा गाउँपालिका बल्दीपुरुवाम नन्दराम मौरियाजस्तै श्रीचन्द मुराउ, अम्बर मुराउलगायत अन्य किसान पनि व्यावसायिक रूपमा पिँडालुखेती गर्दै आएका छन् । स्थानीय किसानका अनुसार यस वर्ष उत्पादन र मूल्य दुवै अनुकूल रहेकाले पिँडालु खेतीबाट राम्रो आम्दानी हुने अपेक्षा गरिएको छ ।
किसानले उचित मूल्य, सहज बजार पहुँच र कृषि सामग्रीको उपलब्धता सुनिश्चित गर्नसके पिँडालुखेती यसक्षेत्रको महत्वपूर्ण नगदेबालीका रूपमा स्थापित हुनसक्ने विश्वास व्यक्त गरिएको छ । रासस

# भेनेजुएलामा भूकम्प, २३५ जनाको मृत्यु



**भेनेजुएला ।**
उत्तरी भेनेजुएलामा बुधबार राति एक मिनेटभन्दा कम समयको अन्तरमा आएका दुई शक्तिशाली भूकम्पले व्यापक जनधनको क्षति पु¥याएको छ । कम्तीमा २३५ जनाको मृत्यु भएको छ भने करिब चार हजार ३०० जना घाइते भएका छन् । भग्नावशेषमुनि अझै पनि धेरै मानिस फसेको आशङ्का गरिएकाले उद्धार कार्य तीव्र पारिएको छ ।
संयुक्त राज्य अमेरिकाको भूगर्भीय सर्वेक्षणका अनुसार ७.२ र ७.५ म्याग्निच्युडका दुई भूकम्पले उत्तरी भेनेजुएलाका भवनहरू भत्किएका, चर्किएका र ढलेका छन् । बिहीबारसम्म पनि शक्तिशाली परकम्पहरू महसुस भइरहेका छन् । स्वास्थ्यमन्त्री कार्लोस अल्भाराडोले मृतकको संख्या २३५ पुगेको जानकारी दिएको छ । घाइतेहरूको सङ्ख्या निरन्तर बढिरहेको र केहीको अवस्था गम्भीर रहेको बताइएको छ । सबैभन्दा बढी प्रभावित ला गुआइरा राज्यका विभिन्न क्षेत्रमा उद्धारकर्मी र स्थानीय बासिन्दाहरू भग्नावशेष हटाएर जीवित मानिसको खोजीमा जुटेका छन् । धेरै स्थानमा पर्याप्त उपकरण र दक्ष जनशक्तिको अभाव देखिएको छ ।
काराकासको उत्तरस्थित एक बस्तीमा एक युवती घण्टौँसम्म उद्धारको प्रतीक्षा गर्दै सहयोगका लागि चिच्याइरहेकी थिइन् । स्थानीय बासिन्दा डानी रिजोले उद्धार टोली र सुरक्षाकर्मीको तत्काल आवश्यकता रहेको बताएको थियो । केही समयपछि ती युवतीको मृत्यु भएको स्थानीयवासीहरूले जानकारी दिएका छन् । ला गुआइराका अन्य क्षेत्रमा पनि भग्नावशेषभित्रबाट मानिसहरूको आवाज सुनिएको छ । स्थानीय बासिन्दा एन्टोनियो बर्मुडेजले आवश्यक उपकरण र उद्धार सामग्री नहुँदा असहाय बनेको बताए ।
डोमिङ्गो लुसियानी अस्पतालका एक चिकित्सकले नाम सार्वजनिक नगर्ने सर्तमा धेरै बालबालिका अभिभावकविहीन अवस्थामा अस्पताल पुगिरहेको जानकारी दिए । केही बालबालिकाले आफ्नो परिचय दिन सकेका छन् भने केहीको हातमा पहिचान पट्टी बाँधिएको अवस्थामा उनीहरूलाई एम्बुलेन्समार्फत ल्याइएको छ । एक उद्धारकर्मीले प्रशिक्षित जनशक्ति र आधुनिक उपकरणको अभावले उद्धार अभियान प्रभावित भएको बताए । प्रभावित क्षेत्रलाई विपद् क्षेत्र घोषणा गरिएपछि अन्तरिम राष्ट्रपति डेल्सी रोड्रिग्जले ला गुआइराको भ्रमण गरेको छ ।
यसबीच केही स्थानमा खाद्यान्न तथा दैनिक उपभोग्य सामग्रीका पसलहरूमा लुटपाटसमेत भएको एएफपीका पत्रकारहरूले जनाएका छन् । भेनेजुएलाको अन्तर्राष्ट्रिय उद्धार समितिकी निर्देशक निकोल कास्टले अवस्थालाई अत्यन्त विनाशकारी बताए । भूकम्पपछि विश्वका विभिन्न देशहरूले सहयोगको प्रतिबद्धता जनाएका छन् । स्विट्जरल्यान्ड, स्पेन, फ्रान्स, पोर्चुगल र मेक्सिकोले विशेषज्ञ र उद्धार टोली पठाउने घोषणा गरेका छन् ।
संयुक्त राज्य अमेरिकाले दुई युद्धपोत, यातायात विमान र हेलिकप्टर परिचालन गर्नुका साथै १५ करोड अमेरिकी डलर बराबरको सहायता उपलब्ध गराउने जनाएको छ । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले आफ्नो देशको प्रतिक्रिया तीव्र, प्रभावकारी र व्यापक हुने बताएको छ । जनवरीमा अमेरिकी सेनाको हस्तक्षेपपछि राष्ट्रपति निकोलस मदुरोलाई सत्ताच्युत गरी पक्राउ गरिएपछि भेनेजुएलामा वासिङ्टनको प्रभाव बढेको छ । चीन, भारत, ब्राजिल र युद्धग्रस्त इरानले पनि सहयोगको प्रस्ताव गरेका छन् । पोप लियो चौधौँले प्रारम्भिक एक लाख युरो सहायता घोषणा गरेको छ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै भेनेजुएलालाई सहयोग गर्न अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गरेको छ ।
संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायता प्रमुख टम फ्लेचरले १२६ वर्षयताकै शक्तिशाली भूकम्पका कारण व्यापक अन्तर्राष्ट्रिय सहयोग आवश्यक पर्ने बताए । उद्धार र राहत कार्यलाई थप जटिल बनाउँदै ला गुआइरास्थित अन्तर्राष्ट्रिय विमानस्थलमा गम्भीर क्षति पुगेपछि त्यसलाई बन्द गरिएको छ । मृतकमध्ये दुई ब्राजिलियाली, दुई चिनियाँ, एक इटालेली र एक पोर्चुगाली नागरिक रहेको सम्बन्धित देशहरूले पुष्टि गरेका छन् ।
क्यारिबियन र दक्षिण अमेरिकी टेक्टोनिक प्लेटको सीमामा अवस्थित भेनेजुएलाको उत्तरी तट भूकम्पीय दृष्टिले संवेदनशील मानिन्छ । सन् १९९७ मा आएको भूकम्पमा ७३ जनाको मृत्यु भएको थियो भने सन् १९६७ को भूकम्पमा २३६ जनाले ज्यान गुमाएका थिए । सन् १९०० को ७.७ म्याग्निच्युडको भूकम्पपछि अहिलेको ७.५ म्याग्निच्युडको भूकम्पलाई सबैभन्दा शक्तिशाली मानिएको छ । भूकम्पको धक्का छिमेकी कोलम्बियासम्म महसुस गरिएको थियो । बोगोटाका बासिन्दाहरूले सावधानीस्वरूप भवनहरू खाली गरेका थिए । उत्तरी ब्राजिलका धेरै सहरहरूमा पनि कम्पन महसुस भएको त्यहाँको भूकम्पीय निगरानी निकायले जनाएको छ । राजधानी काराकासमा पनि त्रासको वातावरण फैलिएको छ । धेरै नागरिकले सडक र गाडीमै रात बिताएका छन् । ६० वर्षीया रिटा गोमेज आफ्नी छोरी बस्ने भवन ढलेको सामाजिक सञ्जालमार्फत थाहा पाएपछि राजधानी पुगेको थियो । उनले उद्धारका लागि भारी उपकरण परिचालन गरिएको र स्थानीय बासिन्दाहरूले उल्लेखनीय सहयोग गरिरहेको बताउँदै आफ्नी छोरी जीवितै भेटिने आशा अझै कायम रहेको बताए । रासस

## विश्वकप फुटबलः

# जर्मनीलाई हराउँदै इक्वेडर नकआउट चरणमा




**काठमाडौं ।**
जर्मनीलाई हराउँदै इक्वेडर फिफा विश्वकप फुटबल प्रतियोगिताको नकआउट चरणमा प्रवेश गरेको छ । अमेरिकाको न्युयोर्क न्यु जर्सी स्टेडियममा शुक्रबार भएको खेलमा जर्मनीलाई २–१ को गोल अन्तरले पराजित गर्दै इक्वेडर नकआउट चरणमा प्रवेश गरेको हो ।
खेलमा पहिलो अग्रता भने जर्मनीले लिएको थियो । खेल सुरु भएको दोस्रो मिनेटमा लेरोय सानेले गोल गरेपछी जर्मनीले अग्रता लिएको हो ।
त्यसपछि खेलको नवौँ मिनेटमा इक्वेडरका निल्सन एङ्गुलोले गोल गर्दै खेललाई १–१ गोलको बराबरीमा ल्याए ।
खेलको दोस्रो हाफको ७७ औँ मिनेटमा इक्वेडरका अर्का खेलाडी लियोगोन्जालो प्लाटाले गोल गर्दै इक्वेडरलाई अग्रता दिलाए । त्यसपछि खेलमा थप गोल हुन सकेन र इक्वेडरले जर्मनीमाथि जित निकाल्यो । यसैबीच आजै भएको यसै समुहको अर्को खेलमा कुरासाओसँग जित निकाल्दै आइभरी कोस्टले नकआउट चरणको यात्रा सुनिश्चित गरेको छ ।
आइभरी कोस्टले कुरासाओविरुद्ध २–० गोलअन्तरको जित निकालेको हो । खेलमा आइभरी कोस्टका लागि दुवै गोल निकोलस पेपेले गरे । उनले खेलको सातौँ मिनेट र ६४ औँ मिनेटमा गोल गरेका हुन् ।
समूह 'इ' मा इक्वेडरसँग पराजित भएको जर्मनी छ अङ्क जोड्दै विश्वकपको नकआउट चरणमा प्रवेश गरेको छ भने समान अङ्क बनाएको आइभोरी कोस्ट गोलअन्तरका आधारमा उपविजेता बन्दै नकआउटमा प्रवेश गरेको छ । त्यस्तै इक्वेडर पनि तेस्रो भएका टोलीमध्ये उत्कृष्ट ८ मा पर्दै नकआउट चरणमा पुगेको छ । इक्वेडरले चार अङ्क बनायो । एक अङ्क जोडेको कुरासाओ भने प्रतियोगिताबाट बाहिरिएको छ । रासस

# यातनापीडितको न्यायमा पहुँच सुनिश्चित गर्न आग्रह




**काठमाडौँ ।**
राष्ट्रिय मानव अधिकार आयोगले राष्ट्रिय÷अन्तरराष्ट्रिय प्रतिबद्धताको प्रभावकारी रुपमा कार्यान्वयन गरी यातनापीडितको न्यायमा पहुँच सुनिश्चित गर्न सरकारलाई निर्देशन गरेको छ । आयोगका सहायक श्यामबाबु काफ्लेले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा यातानापीडितलाई न्यायमा पहुँच सुनिश्चित गर्न सरकारलाई निर्देशन गरिएको हो । विज्ञप्तिमा भनिएको छ, यातनाजन्य घटनाको निष्पक्ष, स्वतन्त्र र प्रभावकारी अनुसन्धान, दोषीउपर कानुनबमोजिम कारबाही तथा पीडितलाई प्रभावकारी उपचार, क्षतिपूर्ति र पुनःस्थापनाको व्यवस्था सुनिश्चित गरी राज्को राष्ट्रिय र अन्तरराष्ट्रिय दायित्व पूरा गर्न नेपाल सरकारले थप प्रयास गर्न जरूरी देखिएको छ । नेपालले यातनाविरुद्धको महासन्धिको अनुमोदन गरिसकेपछि संयुक्त राष्ट्रसङ्घको यातनाविरुद्धको समितिमा बुझाउनुपर्ने आवधिक प्रतिवेदन करिब दुईदशक लामो समयदेखि बुझाउन नसकेको, अन्तरराष्ट्रिय मञ्चहरूमा यातनाजन्य कार्यको बारेमा प्रश्न उठ्ने गरेको र पीडितले न्यायको अनुभूत गर्न नसकेको अवस्था रहेको आयोगको ठहर छ । आयोगले भनेको छ, आयोगले यातना पीडितहरूको अधिकार संरक्षण एवम् संवद्र्धनका लागि सरकारलाई गरेका सिफारिसको कार्यान्वयन अवस्था सन्तोषजनक छैन, यस वर्ष हिरासत तथा कारागारको अनुगमनबाट क्षमता भन्दा बढी संख्यामा रहेका कैदीबन्दीहरुको व्यवस्थापन, विशेषतः कारागारिभत्र पानी, सरसफाई, शौचालय सहित आन्तरिक व्यवस्थापनमा सूधार हुन नसक्दा यातनाविरुद्धको अधिकार कार्यान्वयन अझै चुनौतीपूर्ण रहेको पाइएको छ ।
आयोगले यातना पीडितको अधिकार संरक्षणार्थ आयोगबाहेक संयुक्त राष्ट्रसङ्घीय संयन्त्रहरूबाट भएका सुझाव तथा सिफारिसहरुको कार्यान्वयन अवस्था पनि सन्तोषजनक नभएको र सशस्त्र द्वन्द्वका अधिकाँश यातनापीडितहरूले क्षतिपूर्ति पनि प्राप्त गर्न नसकेको अवस्था कायम रहेको जनाएको छ । यातनापीडितहरूको सहयोगार्थ अन्तरराष्ट्रिय दिवस (जून २६) को अवसरमा यातनातथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार, दण्ड वा दुव्र्यवहारविरुद्धको शून्य सहनशीलतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै यातनापीडितहरूको अधिकार सम्मान, संरक्षणर संवद्र्धन गर्न आयोग नेपाल सरकार सहित सम्बद्ध सबै निकायहरूसँग हार्दिक अनुरोध समेत गरेको छ । रासस

# बसाइँसराइले रित्तिँदै गाउँ, गोरुको ठाउँमा किसानलाई कृषि औजार



**गुल्मी ।**
पहिले गाउँका प्रत्येक घरघरमा खेतबारी जोत्नका लागि गोरु पाल्ने चलन थियो । खेतीपाती गर्नका लागि गोरु नै किसानको मुख्य सहारा थिए । आजभोली ति दिन विस्तारै सम्झनामा सीमित हुँदै गएको छ । गाउँका युवा रोजगारीका लागि सहर र विदेशतिर पसेका छन् । गाउँमा काम गर्ने मानिस अभाव छ । जसका कारण किसानले गोरु पाल्न विस्तारै छोडिसकेका छन् । यस्तै समयको गतिसँगै बदलिँदो ग्रामीण परिवशेको यथार्थ समस्यालाई मध्यनजर गर्दै मुसिकोट नगरपालिकाले किसानलाई यान्त्रिकीकरण मार्फत किसानलाई कृषि उत्पादनतर्फ उन्मुख गराउने प्रयास थालेको छ । नगरपालिकाले आर्थिक वर्ष २०८२र८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ९० जना कृषकलाई ७५ प्रतिशत अनुदानमा कुटानी–पिसानी मिल र हाते ट्र्याक्टर वितरण गरेको छ ।
कृषिमा बढ्दो श्रम अभावको न्यूनीकरण, उत्पादन लागत घटाउने र समयको बचत गर्दै खेतीलाई थप व्यावसायिक बनाउने उद्देश्यले किसानहरुलाई उक्त प्रविधि हस्तानत्रण गरिएको नगरप्रमुख जीवलाल खरेल जीवनले बताए । उनले बसाइँसराइका कारण गाउँमा खेती गर्ने जनशक्ति घट्दै गएको, गोरु पाल्ने चलन पनि कम हुँदै गएकाले परम्परागत खेती प्रणालीलाई आधुनिक प्रविधिसँग जोड्नु अहिलेको आवश्यकता बनेको बताए ।
'मुसिकोट-२ का किसान बुद्धीराम खरेलले भने, "गाउँमा अहिले गोरु पाल्न सम्भव छैन, खेत जोत्नका लागि मान्छे खोज्दा भेटिँदैनन्, यस्तो अवस्थामा आफूले थोरै लगानी गरेर अनुदानमा हाते ट्याक्टर पाउँदा निकै खुसी लागेको छ ।'
हाते ट्याक्टर र कुटानी–पिसानी मिलले किसानको श्रम, समय र लागत कम हुने तथा बाँझो जमिनको उपयोग बढाउन मद्दत पुग्नेछ । पचहत्तर प्रतिशत अनुदानमा मेसिनरी औजार प्राप्त गरेपछि कृषकहरू पनि उत्साहित देखिएका छन्
अर्का कृषक कृष्णकुमारी कार्कीले कुटानी–पिसानी मिलले आफूलाई घरमै अन्न पिस्न सजिलो हुने भएको भन्दै यसले समय र ढुवानी खर्चमा समेत बचत हुने बताए । नगरपालिकाकी कृषि प्राविधिक अस्मिता आचार्यले कृषकले औजारको सही प्रयोग र नियमित मर्मतसम्भारमा ध्यान पु¥याउन सकेका यसबाट लामो समयसम्म फाइदा लिन सकिने बताए । गाउँ रित्तिँदै गएको वर्तमान अवस्थामा मुसिकोट नगरपालिकाले गाउँमा बाँकी रहेका किसानलाई आधुनिक प्रविधिमार्फत कृषि पेसालाई टिकाइराख्न यस्ता प्रकारका आधुनिक यान्त्रिकीकरण वितरणबाट थप मद्दत पुग्ने अपेक्षा गरिएको जनाएको छ । रासस

# पानी नपर्दा सुक्न थाल्यो धान, चिन्तामा किसान



**कैलाली ।**
असार लागेपछि खेतमा हरियाली छाउनुपर्ने हो । रोपिएका धानका बिरुवाले लहलहाउँदै किसानको अनुहारमा मुस्कान ल्याउनुपर्ने हो । तर यसवर्ष कैलालीका अधिकांश किसानका लागि अवस्था त्यसको ठीकविपरीत बनेको छ । बोरिङको सहायताले रोपाइँ सम्पन्न गरे पनि लामो समयदेखि वर्षा नहुँदा खेतमा रोपिएका धानका बिरुवा सुक्न थालेका छन् । यसले किसानको चिन्ता दिनप्रतिदिन बढ्दै गएको छ ।
कैलालीको घोडाघोडी नगरपालिका–८ की किसान पार्वती केसी बिहान–बेलुका खेत पुगेर धानको अवस्था हेर्छन् । समय–समयमा आकाशतिर हेर्दै वर्षाको प्रतीक्षा गर्नु अहिले उनको दैनिकी बनेको छ । रोपाइँ त बोरिङको पानीले गरियो, तर त्यसपछि पानी नै परेन, उनले भने, धानका बिरुवा पहेँलिन थालेका छन् । अब केही दिनभित्र पानी परेन भने धेरै क्षति हुन्छ । मेहनत र लगानी सबै खेर जाने चिन्ता छ । उनका अनुसार अहिले बोरिङमा पानी आउँदैन जसका कारण सिँचाइ गर्न पनि समस्या छ । घोडाघोडी नगरपालिका–८ का अर्का किसान डम्बर विष्ट पनि हरेक दिन खेत पुगेर धानको अवस्था नियाल्छन् । उनले पनि अरूको बोरिङ प्रयोग गरेर प्रति घण्टा पाँच सय रुपैयाँ तिरेर रोपाइँ सम्पन्न गरेका थिए । रोपाइँपछि एक पटक सिँचाइ गरे पनि वर्षा नहुँदा धान सुक्दै गएको उनी बताउछन् ।
बोरिङ चलाउँदा खर्च धेरै हुन्छ । डिजेल र बिजुली दुवै महँगो छ, उनले भने, कति पटक पानी हाल्ने ? पानी नपर्दा खेत सुक्दै गएको छ । अब वर्षा भएन भने उत्पादनमा ठूलो असर पर्छ । घोडाघोडी नगरपालिका–८ का किसान देशराज चौधरीले यस वर्ष धानखेतीमा मल, बीउ, रोपाइँ र मजदुरीमा ठूलो लगानी गरिसकेको बताए । तर समयमै वर्षा नहुँदा त्यो लगानी जोखिममा परेको उनको भनाइ छ ।
हामीले खेती गर्नेबेला सबै खर्च गरिसक्यौँ", उनले भने, तर अहिले आकाशले साथ दिएको छैन । बोरिङबाट रोपाइँ गरियो, तर सिँचाइका लागि पटक–पटक बोरिङ चलाउन सक्ने अवस्था छैन । खर्च धान्न गाह्रो भएको छ । उनका अनुसार भूमिगत पानीको सतह पनि घट्दै गएकाले पहिले सहजै पानी आउने बोरिङबाट अहिले पर्याप्त पानी आउन छाडेको छ । यसले किसानलाई थप समस्यामा पारेको छ । कैलालीका अधिकांश किसान बोरिङको भरमा धान रोप्ने गरेका छन् । तर रोपाइँपछि धानको वृद्धि र संरक्षणका लागि आवश्यक सिँचाइ भने वर्षाको पानीमै निर्भर रहने गरेको किसानहरू बताउँछन् । यस वर्ष असार लाग्दासमेत वर्षा नहुँदा खेतमा चिरा पर्न थालेका छन् भने धानका बिरुवाको वृद्धि रोकिएको छ । कतिपय ठाउँमा बिरुवा पहेँलिन थालेका छन् भने केही खेतमा सुक्न थालेको छ ।
रामु बूढाथोकीका अनुसार सुरुमा बोरिङको पानीले सहजै रोपाइँ सम्पन्न भए पनि अहिले बोरिङमा पानी नै आउन छाडेको छ । पहिले केही घण्टा चलाउँदा पुग्ने पानी आउँथ्यो, उनले भने, अहिले घण्टौँ मोटर चलाउँदा पनि खेतमा पानी पुग्दैन । यस्तो अवस्था रहिरहे धान जोगाउनै मुस्किल हुन्छ । किसानको अहिलेको मुख्य समस्या केवल वर्षा नहुनु मात्र होइन, सिँचाइको बढ्दो लागत पनि हो । बोरिङ सञ्चालन गर्न डिजेल वा विद्युतको खर्च बढेकाले सबै किसानले आवश्यकताअनुसार पानी हाल्न सकेका छैनन् । त्यसको प्रत्यक्ष असर धानबालीमा देखिन थालेको छ ।
खडेरीका बीच पनि कैलालीका किसान धान रोपाइँमा व्यस्त छन् । नहर, खोला तथा बोरिङबाट उपलब्ध सीमित पानीको भरमा उनीहरुले रोपाइँ गरिरहेका छन् । घोडाघोडी नगरपालिका–३ का किसान भीम चौधरीका अनुसार वर्षा नहुँदा रोपाइँ गर्न कठिन भए पनि धेरै दिनअघि राखिएको धानको बिउ छिप्पिन थालेकाले बाध्य भएर रोपाइँ गर्नुपरेको हो । बीउ राखेको धेरै समय भइसक्यो, अब झन् ढिलो ग¥यौँ भने बीउ बिग्रिन्छ, उनले भने, त्यसैले महँगो खर्च गरेर भए पनि बोरिङ र नहरको पानीको भरमा रोपाइँ गरिरहेका छौँ । अब समयमै पानी परे मात्रै बाली जोगिन्छ । स्थानीय किसान समयमै पर्याप्त वर्षा भए अझै पनि धान जोगाउन सकिने आशामा छन् । अहिले कैलालीका किसानको एउटै अपेक्षा छ । समयमै पर्याप्त वर्षा होस् र खेतमा रोपिएका धानका बिरुवाले फेरि हरियाली फर्काउन सकुन् ।
कृषि ज्ञान केन्द्र कैलालीका अनुसार जिल्लामा यहाँ वार्षिक करिब ६३ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ । त्यसमध्ये करिब तीन प्रतिशत क्षेत्रफलमा चैते धान खेती गरिन्छ । यस वर्ष पर्याप्त वर्षा नहुँदा अधिकांश किसानले सिँचाइका वैकल्पिक स्रोतको भरमा रोपाइँ गरिरहेका छन् भने रोपाइँ सम्पन्न भएका खेतमा पनि धानका बिरुवा सुक्न थालेपछि किसानको चिन्ता बढ्दै गएको छ । रासस

# लिफ्ट प्रणालीमार्फत रसुवामा सिँचाइ सुविधा विस्तार



**रसुवा ।**
गत वर्षको असार २४ गते ल्हेन्दे खोलामा आएको बाढीले क्षति पुर्‍याएको बेतेगौँडा सिँचाइ आयोजना लिफ्ट प्रणालीमार्फत पुनःसञ्चालनमा आएपछि उत्तरगया गाउँपालिकाका किसान लाभान्वित भएका छन् । उत्तरगया गाउँपालिका-५ स्थित त्रिशूली नदीबाट खनिएको बेतेगौँडा, पहिरेबैँसी कैदलटार सिँचाइ आयोजना बाढीका कारण अवरुद्ध भएपछि सो क्षेत्रमा निर्माणाधीन ३७ दशमलव तीन मेगावाट क्षमताको माथिल्लो त्रिशूली(३ 'बी' जलविद्युत् आयोजनाले पानी तान्ने उपकरण उपलब्ध गराएको हो । बाढीले तीन सय मिटरभन्दा बढी भूभाग क्षति पुर्‍याएको थियो ।
उक्त उपकरणको सहायताले पहिरेबैँसी, कैदलटारलगायत क्षेत्रका हजारौँ रोपनी खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको उत्तरगया गाउँपालिका-४ का वडाध्यक्ष अम्मरबहादुर बुलुनले जानकारी दिए । बेतेगौँडा सिँचाइ आयोजना तत्कालीन सार्वजनिक निर्माण शाखाअन्तर्गत रसुवा(नुवाकोट ग्रामीण विकास परियोजनामार्फत निर्माण गराइएको थियो ।
यस आयोजनाले विगतदेखि स्थानीय कृषकलाई सिँचाइ सुविधा उपलब्ध गराई खाद्यान्नमा आत्मनिर्भर बनाउँदै आएको थियो ।
लामो समयसम्म अवरूद्ध सिँचाइ पुनःसञ्चालनमा आएपछि स्थानीय नागरिक हर्षित भएका छन् । बाढीले संरचना क्षति पुर्‍याएपछि खेतीपाती प्रभावित बनेको अवस्थामा जलविद्युत आयोजनाको सहयोगमा लिफ्ट प्रणालीमार्फत पानी तान्ने उपकरण सहयोग स्वरूप उपलब्ध भएसँगै सिँचाइ सुविधा पुगेको भन्दै स्थानीयले खुसी व्यक्त गरेका हुन् । स्थानीय किसान नवराज थापाका अनुसार सिँचाइ सुविधा उपलब्ध भएपछि हिउँदेयाममा मकै, गहुँ, तोरी तथा धानखेती गर्न सहज भएको छ । सिँचाइको भरपर्दो व्यवस्थाले उत्पादन वृद्धि हुनुका साथै किसानमा उत्साह थपिएको उनको भनाइ छ । आधुनिक सिँचाइ प्रणालीको विकास विसं २०३० को दशकदेखि विभिन्न सरकारी तथा अन्तरराष्ट्रिय सहयोगमा ग्रामीण विकास परियोजनामार्फत सुरु भएको ज्येष्ठ नागरिक एवं समाजसेवी दावाफिन्जो तामाङले बताए । जिल्लाको चार हजार ७३८ दशमलव ४० हेक्टर जमिनमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य राखिए पनि हालसम्म तीन हजार ७३१ हेक्टरमा मात्र सिँचाइको सुरूवात भएको डिभिजन सिँचाइ प्रमुख सुभाष बानियाँले जानकारी दिए ।
उनका अनुसार समग्रमा छ सय घरधुरीका तीन हजार व्यक्तिले सिँचाइको सुविधा उपभोग गरिरहेका छन् । यथेष्ठ रूपले खेतबारीमा पानीको पहुँच पुर्‍याउने उद्देश्यले चालु आर्थिक वर्षमा ४१ वटा सिँचाइ आयोजना सञ्चालन भएका जानकारी दिँदै प्रमुख बानियाँले यो वर्षको सिँचाइ विकासका लागि रु एक करोड २३ लाख खर्च भइसकेको उल्लेख गरे । रासस

# बेथानचोकमा बेलीब्रिज निर्माणले आवागमनमा सहजता

**काभ्रेपलाञ्चोक ।**
काभ्रेपलाञ्चोकको बेथानचोक गाउँपालिका-१ च्याम्राङबेँसीस्थित च्याम्राङबेँसी(झिङ्गे सडकखण्डमा पर्ने रतन खोलामा बेलीब्रिज निर्माण गरिएको छ ।
उक्त पुल निर्माणपछि छिमेकी जिल्ला ललितपुरको महाङ्काल गाउँपालिकालाई आवागमनमा सहजता भएको हो । बागमती प्रदेश सरकार र बेथानचोक गाउँपालिकाको लागत साझेदारीमा एक करोड ७० लाखमा उक्त पुल तयार भएको हो ।
विशेषगरी वर्षात्मा रतन खोला हुँदै आवातजावत गर्न समस्या हुने गरेकामा पुल बनेसँगै सुकुमफेदी, च्याम्राङबेँसी, झिङ्गे र खानीखोला तथा महाङ्कालका नागरिकसमेत लाभान्वित भएका बेथानचोक-१ का वडाध्यक्ष एवं गाउँपालिकाका प्रवक्ता मधुसुदन तिमल्सिनाले जानकारी दिए । उनका अनुसार विसं २०८१ को असोजमा आएको बाढीपहिरोका कारण झिङ्गेसहित बस्तीमा जान थप समस्या भएपछि पुल निर्माणमा पहल गरिएको हो ।
गाउँपालिकाका अध्यक्ष भगवान् अधिकारीले उक्त पुल निर्माणले काभ्रेपलाञ्चोक र ललितपुरका नागरिकलाई ठूलो राहत पुगेको बताए । 'गाउँपालिकाले सडक, पुल, खानेपानी, शिक्षा तथा स्वास्थ्यजस्ता आधारभूत क्षेत्रलाई प्राथमिकतामा राखी काम गरिरहेको छ', उनले भने । वडा नं १ झिङ्गेका गोपालकृष्ण सापकोटाले पुल निर्माणसँगै यातायात पहुँचमा सुधारसँगै कृषि उत्पादनको बजारीकरण तथा शिक्षा, स्वास्थ्य र अन्य सेवा प्राप्त गर्न नागरिकलाई सुविधा पुगेको बताए ।
उनले ठूला पुल निर्माण गर्न नसके बेलीब्रिज निर्माण गरी नागरिकलाई सुविधा दिन स्थानीय सरकारलाई सुझावसमेत दिए । रासस

# १० लाखसम्मका योजना रोकिएपछि मधेशमा काम ठप्प



मधेशदृष्टि
जनकपुरधाम।
मधेश सरकारले आर्थिक अनुशासन कायम गर्ने नाममा १० लाख रुपैयाँसम्मका साना योजनामा रोक लगाएपछि प्रदेशका विभिन्न मन्त्रालयको नियमित कार्यसम्पादन प्रभावित भएको छ। अर्थ मन्त्रालयले जारी गरेको परिपत्रपछि तालिम, गोष्ठी, सडक नाटक, सचेतनामूलक कार्यक्रमलगायतका दर्जनौँ योजना कार्यान्वयन अघि बढ्न नपाउँदै रोकिएका हुन्।

शिक्षा तथा संस्कृति मन्त्रालयले गत जेठ १० गतेमा १५ दिने सूचना प्रकाशित गर्दै १० लाख रुपैयाँका आठ, ९ लाखका दुई र ८ लाख रुपैयाँको एउटा गरी ११ वटा कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान गरेको थियो । तर अर्थ मन्त्रालयको नयाँ निर्देशनपछि ती सबै प्रक्रिया रोकिएका छन्।

अर्थ मन्त्रालयले जेठ २६ र असार २मा जारी गरेको परिपत्रमार्फत १० लाख रुपैयाँसम्मका योजना कार्यान्वयन नगर्न निर्देशन दिएको छ। साथै जेठ २५ गतेभित्र सम्झौता सम्पन्न भएका योजनाको मात्रै भुक्तानी हुने स्पष्ट पारेको छ।

यस निर्णयप्रति शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंहले असन्तुष्टि जनाएका छन्। प्रदेशसभाबाट स्वीकृत भई रेडबुकमा समावेश भएका योजना कार्यान्वयन गर्न नदिनु उचित नभएको उनको भनाइ छ। उनका अनुसार यस्ता योजना रोकिँदा प्रत्यक्ष असर सर्वसाधारणमा पर्नेछ।

अर्थ मन्त्रालयको निर्णयले शिक्षा मन्त्रालय मात्र होइन, अन्य मन्त्रालयसमेत प्रभावित भएका छन्। वैशाखको अन्तिम सातासम्म बजेट खर्च प्रणाली (पीएलआईएमबीएस) बाट बजेट खुला नहुँदा अधिकांश योजना अघि बढ्न सकेका थिएनन्। बजेट फुकुवा भएपछि मात्रै मन्त्रालयहरूले कार्यान्वयन प्रक्रिया सुरु गरेका थिए।

चालु आर्थिक वर्षमा प्रदेश सरकारले स्रोतभन्दा ठूलो आकारको बजेट ल्याएकाले करिब १२ अर्ब रुपैयाँ बराबरको वित्तीय घाटा हुने संकेत देखिएको अर्थ मन्त्रालयको निष्कर्ष छ। यही अवस्थालाई मध्यनजर गर्दै यसअघि नै सबै मन्त्रालयलाई २० प्रतिशत बजेट कटौती गर्न तथा १० लाख रुपैयाँसम्मका योजनाको बजेट समर्पण गर्न निर्देशन दिइएको थियो।

नयाँ परिपत्रमा कार्यालय सञ्चालनका विभिन्न शीर्षकमा समेत खर्च कटौती गरिएको छ। मसलन्द तथा कार्यालय सामग्री खरिदतर्फ बाँकी रहेको बजेटको ३० प्रतिशत कटौती गरिनेछ भने इन्धन, सवारी मर्मत, तालिम, गोष्ठी, परामर्श सेवा, सूचना प्रकाशन, भ्रमण, विज्ञापनलगायत शीर्षकमा बाँकी बजेटको ५० प्रतिशत रकम रोक्का राख्न भनिएको छ।

त्यसैगरी सवारी साधन खरिद, सूचना प्रविधि प्रणाली, संरचना निर्माण, अनुदान, पुस्तक खरिद, वन संरक्षण, विद्युत् पूर्वाधार, बागवानी तथा पशुपन्छी विकासलगायतका विभिन्न शीर्षकमा खर्च हुन बाँकी सम्पूर्ण बजेट रोक्ने निर्णय गरिएको छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्यामप्रसाद पटेलले अर्थ मन्त्रालयको निर्णयले मन्त्रालयका अधिकांश कार्यक्रम अवरुद्ध भएको बताए। उनका अनुसार बजेट ढिलो खुल्दा किसान लक्षित कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रक्रिया सम्पन्न गर्न समय नै अपुग भयो।

उनले किसानबाट आवेदन संकलन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामै करिब डेढ महिना लाग्ने भएकाले असारमा मात्रै सम्झौता गर्ने अवस्था रहेको बताए। तर अहिलेको निर्णयका कारण किसानलाई लक्षित धेरै कार्यक्रम कार्यान्वयन गर्न नसकिएको उनको गुनासो छ।

मन्त्री पटेलले मन्त्रिपरिषद् बैठकमै यस विषयमा ध्यानाकर्षण गराएको जानकारी दिँदै अघि बढिसकेका योजनाको विवरण मागिए पनि बजेट अझै खुला नभएको बताए।

भौतिक पूर्वाधार विकास मन्त्री मोहम्मद समिरले पनि बजेट रोक्काले मन्त्रालयको काम प्रभावित भएको स्वीकार गर्दै यस विषयमा मन्त्रिपरिषद्मा थप छलफल गरिने बताए।

यता ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालयका सचिव होमनाथ पौडेलले भने कार्यान्वयनको चरणमा पुगिसकेका योजनामा ठूलो समस्या नआउने दाबी गरे। उनका अनुसार केही प्रशासनिक कठिनाइ भए पनि सम्झौता सम्पन्न भएका योजनाको भुक्तानीमा विशेष अवरोध नआउने अपेक्षा गरिएको छ।

प्रदेशमा नयाँ सत्ता समीकरण बनेपछि अर्थ मन्त्रालयको जिम्मेवारी नेकपा संसदीय दलका नेता युवराज भट्टराईले सम्हालेका छन्। उनले वित्तीय अनुशासनलाई प्राथमिकता दिँदै साना तथा छरिएका योजनामा रोक लगाउने, खुला प्रतिस्पर्धामार्फत मात्रै काम गराउने तथा अनावश्यक खर्च नियन्त्रण गर्ने नीति अघि सारेका छन्।

अर्थ मन्त्रालयका अनुसार अपेक्षाअनुसार राजस्व संकलन हुन नसकेपछि खर्च नियन्त्रण, बजेट कटौती तथा खुद्रा योजना स्थगन गर्ने निर्णय गरिएको हो।

# मधेशका १० नगरपालिकाले समयमै बजेट ल्याउन सकेनन्

**मधेशदृष्टि**
**जनकपुरधाम।**
स्थानीय तहले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट असार १० गतेभित्र सम्बन्धित सभामा पेश गर्नुपर्ने कानुनी व्यवस्था रहे पनि मधेश प्रदेशका १० नगरपालिकाले तोकिएको समयसीमाभित्र बजेट ल्याउन नसकेको पाइएको छ। देशभर समयमै बजेट प्रस्तुत गर्न नसकेका नगरपालिकामध्ये सबैभन्दा धेरै मधेश प्रदेशकै रहेका छन्।

नेपाल नगरपालिका संघले सार्वजनिक गरेको विवरणअनुसार मधेश प्रदेशको जनकपुरधाम उपमहानगरपालिकासहित धनुषाको कमला नगरपालिका र विदेह नगरपालिका, महोत्तरीको जलेश्वर नगरपालिका, सिराहाको सुखीपुर नगरपालिका, सर्लाहीको हरिवन नगरपालिका तथा रौतहटका गरुडा, कटहरिया र फतुवा विजयपुर नगरपालिकाले निर्धारित समयभित्र बजेट सार्वजनिक गर्न सकेनन्।

देशभर रहेका २९३ महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामध्ये १४ स्थानीय तहले मात्रै समयमै बजेट ल्याउन नसकेका छन्। तीमध्ये १० वटा मधेश प्रदेशका हुनु प्रदेशको वित्तीय व्यवस्थापन र बजेट तयारीमा चुनौती देखिएको संकेतका रूपमा हेरिएको छ।

कोशी प्रदेशको धरान उपमहानगरपालिका, बागमती प्रदेशको मेलम्ची नगरपालिका, गण्डकी प्रदेशको बागलुङ नगरपालिका तथा सुदूरपश्चिम प्रदेशको टिकापुर नगरपालिका पनि समयमै बजेट ल्याउन नसक्ने स्थानीय तहमध्ये परेका छन्। लुम्बिनी र कर्णाली प्रदेशका सबै नगरपालिकाले भने कानुनले तोकेको समयसीमाभित्र बजेट सार्वजनिक गरेका छन्।

यता गाउँपालिकातर्फ भने मधेश प्रदेशका ५९ गाउँपालिकामध्ये ५६ वटाले समयमै बजेट प्रस्तुत गरेका छन् भने तीन गाउँपालिकामा बजेट पेश हुन सकेको छैन। देशभरका ४६० गाउँपालिकामध्ये ४४६ वटाले अर्थात् करिब ९७ प्रतिशतले असार १० भित्र बजेट सार्वजनिक गरेको गाउँपालिका राष्ट्रिय महासंघ नेपालले जनाएको छ।

महासंघका अनुसार देशभर १४ गाउँपालिकाले बजेट पेश गर्न नसकेकोमा पाँच गाउँपालिकाले नीति तथा कार्यक्रम मात्रै प्रस्तुत गरेका छन्। बजेट ढिलाइ हुनुका कारणमा तयारी अपुग हुनु, पालिका प्रमुख अस्वस्थ हुनु, पारिवारिक कारण, प्रमुख प्रशासकीय अधिकृतको सरुवा तथा बजेट निर्माणमा सहमति जुट्न नसक्नुजस्ता विषय देखिएका छन्।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुनअनुसार संघीय सरकारले जेठ १५, प्रदेश सरकारले असार १ र स्थानीय तहले असार १० भित्र बजेट सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ। समयमै बजेट प्रस्तुत गर्न नसक्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गर्ने कार्यसम्पादन मूल्याङ्कनमा समेत असर पर्ने व्यवस्था रहेको छ।

महासंघले समयसीमाभित्र बजेट ल्याउन नसकेका गाउँपालिकाले केही दिनभित्रै बजेट सार्वजनिक गर्ने प्रतिबद्धता जनाएको जनाएको छ।

# पाँच वर्षदेखि मुआब्जाको पर्खाइमा १४ ज्येष्ठ नागरिक

**मधेशदृष्टि**
**जनकपुरधाम।**
महोत्तरीको बर्दिबास नगरपालिका–१४ मा पूर्व–पश्चिम रेलमार्ग निर्माणका लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा पाँच वर्षसम्म पनि नपाउँदा १४ जना ज्येष्ठ नागरिक निराश बनेका छन्। जग्गा रेल विभागको नाममा नामसारी भइसक्दा पनि मुआब्जा वितरण प्रक्रिया टुंगोमा नपुग्दा प्रभावित परिवारहरू न्यायको पर्खाइमा छन्।

रेल विभाग र जिल्ला प्रशासन कार्यालय महोत्तरीको समन्वयमा सार्वजनिक सूचना जारी गरी सम्बन्धित जग्गाको स्वामित्व रेल विभागको नाममा दर्ता गरिए पनि मुआब्जा भने अझै वितरण हुन सकेको छैन। यसका कारण वृद्धवृद्धाहरू आफैं वा उनका परिवारका सदस्यहरू वर्षौंदेखि सम्बन्धित कार्यालय धाउन बाध्य भएका छन्।

प्रभावितमध्ये ९३ वर्षीया अम्बिका अधिकारी, ८२ वर्षीया गोमा कुमारी दाहाल, ८२ वर्षीय प्रेमबहादुर बुढाथोकी, ७६ वर्षीय पूर्वप्राध्यापक खड्गबहादुर सिंह, ७८ वर्षीया भक्तकुमारी सिर्नेत, ७७ वर्षीय गणेश हमाल, ७५ वर्षीय यमबहादुर साही र ६५ वर्षीया बालकुमारी हमाललगायतका ज्येष्ठ नागरिक मुआब्जाको प्रतीक्षामा रहेका छन्।

प्रेमबहादुर बुढाथोकीका छोरा उद्धव बुढाथोकीले पटक–पटक रेल विभाग धाउँदा पनि समस्या समाधान नभएको गुनासो गरे। उनका अनुसार वृद्ध तथा बिरामी अवस्थाका बाबुलाई समेत लिएर कार्यालय धाउनुपर्ने अवस्था सिर्जना भएको छ।

पूर्वप्राध्यापक खड्गबहादुर सिंहले नयाँ सरकार गठनपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको सचिवालयमा समेत विषय उठाएको बताए। एक साताभित्र समस्या समाधान गर्ने आश्वासन दिइए पनि एक महिनाभन्दा बढी समय बित्दा कुनै प्रगति नभएको उनको भनाइ छ। विभागभित्र कर्मचारी सरुवा, अवकाश तथा प्रशासनिक फेरबदलका कारण काम प्रभावित भएको हुन सक्ने उनको अनुमान छ।



गोमा कुमारी दाहालका नाति मुकेश दाहालले रेलमार्ग निर्माण अधुरै रहँदा धुलो, हिलो र असुविधाले ज्येष्ठ नागरिकको स्वास्थ्यमा प्रतिकूल असर परेको बताए। उनका अनुसार मुआब्जा नआउँदा प्रभावित परिवार आर्थिक र मानसिक दुवै रूपमा समस्यामा परेका छन्।

स्थानीय कृष्ण दाहालले आफ्नी वृद्ध आमाले हरेक दिन मुआब्जा कहिले आउने भन्ने प्रश्न गर्ने गरेको सुनाए। माला खनालले घरपरिवारको जिम्मेवारीका बीच पटक–पटक कार्यालय धाउन निकै कठिन भएको बताइन्।

यमबहादुर साहीका परिवारका सदस्यले ज्येष्ठ नागरिकको अधिकार संरक्षणसम्बन्धी कानुनी व्यवस्था स्मरण गराउँदै राज्यका निकायबाट नै लामो समयसम्म मुआब्जाबाट वञ्चित गरिनु गम्भीर विषय भएको बताए। आवश्यक परे कानुनी उपचारको बाटो रोज्ने तयारी भइरहेको उनीहरूको भनाइ छ।

प्रभावित परिवारहरूले अब आफ्ना ज्येष्ठ नागरिकलाई नै रेल विभागको कार्यालयमा लगेर धर्ना बस्नुपर्ने अवस्था आउन सक्ने चेतावनी दिएका छन्। उनीहरूले नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, रेल विभाग तथा जिल्ला प्रशासन कार्यालय महोत्तरीसँग मुआब्जा वितरण प्रक्रिया तत्काल सम्पन्न गर्न माग गरेका छन्।

रेल विभागका जनकपुरस्थित एक प्राविधिकका अनुसार सरकार परिवर्तन, विभागीय नेतृत्व फेरबदल तथा नीतिगत निर्णयमा आएको परिवर्तनका कारण बर्दिबास–१४ का प्रभावित परिवारले अझै मुआब्जा पाउन सकेका छैनन्।

यसैबीच खोल्सीपैनी, बर्दिबास र भंगाहा क्षेत्रका किसानहरूले रेलमार्गका लागि वितरण गरिएको मुआब्जामा असमानता भएको आरोप लगाउँदै निष्पक्ष छानबिनको माग गरेका छन्। उनीहरूका अनुसार एउटै प्रकृतिको जग्गामा पनि कसैले बढी र कसैले कम मुआब्जा पाएको गुनासो छ।

बर्दिबास रेल्वे स्टेशन निर्माणका लागि करिब ५० देखि ६० बिघा तथा पूर्व–पश्चिम रेलमार्ग विस्तारका लागि थप १० देखि १५ बिघा जग्गा अधिग्रहण गरिएको बताइएको छ। तर जग्गा अधिग्रहण सम्पन्न भए पनि मुआब्जा वितरणमा भएको ढिलाइले प्रभावित परिवारको समस्या झन् जटिल बन्दै गएको छ।




# रास्वपामा मधेशी समुदायको प्रतिनिधित्व १२ प्रतिशतभन्दा कम




**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम महाधिवेशनबाट चयन भएको नयाँ केन्द्रीय समितिमा मधेशी समुदायको प्रतिनिधित्व समानुपातिक मापदण्डभन्दा उल्लेख्य रूपमा कम देखिएको छ। निर्वाचित ९९ केन्द्रीय सदस्यमध्ये मधेशी समुदायबाट ११.८८ प्रतिशत मात्रै प्रतिनिधित्व भएको दखिन्छ।

विभिन्न कानुनले सार्वजनिक निकायमा मधेशी समुदायको कम्तीमा १५.३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने व्यवस्था गरे पनि रास्वपाको निर्वाचित केन्द्रीय समितिमा मापदण्ड पूरा हुन सकेको छैन। यसले पार्टीको समावेशी प्रतिनिधित्वबारे प्रश्न उठाएको छ।

निर्वाचित केन्द्रीय सदस्यहरूको संरचना हेर्दा सबैभन्दा बढी ५९.४ प्रतिशत खस–आर्य समुदायका छन्। आदिवासी जनजातिको प्रतिनिधित्व १४.८५ प्रतिशत, मधेशी ११.८८ प्रतिशत, दलित ६.९३ प्रतिशत, थारू २.९७ प्रतिशत र मुस्लिम समुदायको प्रतिनिधित्व १.९८ प्रतिशत रहेको छ।

समानुपातिक समावेशी सिद्धान्तअनुसार सार्वजनिक निकायमा खस–आर्य ३१.२ प्रतिशत, आदिवासी जनजाति २८.७ प्रतिशत, मधेशी १५.३ प्रतिशत, दलित १३.८ प्रतिशत, थारू ६.६ प्रतिशत र मुस्लिम समुदाय ४.४ प्रतिशत प्रतिनिधित्व हुनुपर्ने व्यवस्था विभिन्न कानुनमा उल्लेख छ। तर रास्वपाको हालको निर्वाचित संरचनामा खस–आर्यबाहेक अन्य कुनै पनि समुदायले कानुनी मापदण्डअनुसारको प्रतिनिधित्व पाउन सकेका छैनन्।

विशेषगरी मधेशी, दलित, थारू र मुस्लिम समुदायको प्रतिनिधित्व अपेक्षाभन्दा निकै कम देखिएको छ। दलित, थारू र मुस्लिम समुदायको प्रतिनिधित्व त कानुनी मापदण्डको आधासमेत पुग्न सकेको छैन।

रास्वपाको विधानअनुसार पार्टीको केन्द्रीय समिति १५८ सदस्यीय हुनेछ। यसमा महाधिवेशनबाट निर्वाचित ९९ सदस्य, प्रत्यक्ष निर्वाचित सभापति, सभापतिबाट मनोनीत ५१ सदस्य तथा सातै प्रदेशका प्रदेश सभापति सदस्य रहने व्यवस्था छ।

पार्टी विधानले ९९ निर्वाचित केन्द्रीय सदस्यमध्ये ३२ जना समानुपातिक समावेशी सिद्धान्तका आधारमा चयन हुने व्यवस्था गरेको छ। यसअन्तर्गत मधेशी समुदायका लागि पाँच सिट सुरक्षित गरिएको छ। त्यस्तै खस–आर्यका लागि १०, आदिवासी जनजातिका लागि ९, दलितका लागि ५, थारूका लागि २ र मुस्लिम समुदायका लागि १ सिट छुट्याइएको छ।

विधानमा कम्तीमा एक जना पिछडिएको क्षेत्रबाट र एक जना अपाङ्गता भएका व्यक्तिलाई समेत समावेश गर्नुपर्ने व्यवस्था छ। साथै १५८ सदस्यीय केन्द्रीय समितिमा कम्तीमा ५३ जना महिला अनिवार्य रहने तथा प्रदेश र खुला क्लस्टरबाट समेत निश्चित महिला प्रतिनिधित्व सुनिश्चित गरिएको छ।

महाधिवेशनबाट सभापतिमा रवि लामिछाने यसअघि नै निर्विरोध निर्वाचित भइसकेका छन् भने अब बाँकी मनोनयनपछि केन्द्रीय समितिको अन्तिम समावेशी स्वरूप स्पष्ट हुने अपेक्षा गरिएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन